मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## केआइआइटीमा वीरगंजका विद्यार्थी मृत फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्यूट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआइआइटी) मा अध्ययनरत अर्का नेपाली विद्यार्थी पनि मृत फेला परेकी छिन् ।बिहीबार अपराह्न नेपाली विद्यार्थी कलेजको होस्टलमा झुण्डिएको अवस्थामा मृत फेला परेको त्यहाँ अध्ययरत् नेपाली विद्यार्थीहरुले बताएका छन् ।
उनी वीरगंजको भएको बताइएको छ । तर थप केही विवरण आएको छैन । भूवनेश्वरको टेलिभिजन ओटिभीका पत्रकार स्वाधीन राउतले त्यहाँका पुलिस कमिश्नरले नेपाली विद्यार्थीको मृत्यु भएको पुष्टि गरेको बताएका छन् । विद्यार्थीहरुका अनुसार वीरगञ्ज निवासी प्रथम वर्षमा अध्ययनरत् विद्यार्थी मृत फेला परेका हुन् । २०८१ फागुन ४ गते केआइआइटीमा अध्ययनरत २० वर्षीया नेपाली विद्यार्थी प्रकृति लम्साल होस्टलमा मृत फेला परेपछि निकै तनाव भएको थियो ।

● वर्ष ३ ● अंक १६८ ● २०८२ साल वैशाख १९ गते शुक्रबार ● Friday 02, May 2025 ● सूर्योदयः बिहान ५:२७ बजे ● सूर्यास्तः साँझ ६:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# नेताहरुमा जागेको हतियार मोह

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**



गणतन्त्र घोषणा भएको खुशीयालीमा जनकपुरमा पूर्वराज्यमन्त्री संजयकुमार साहले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २ मा रहेको घरको छतमा लाइसेन्स भएको बन्दुकबाट हवाई फायर गरे । उनले यसको फोटोसमेत सामाजिक सञ्जाल र मिडियालाई पठाए । साहको यो कार्यको निकै आलोचना भयो । प्रहरी भने कारबाही गर्नुको साटो चुप लागेर बस्यो । साह पछि सञ्चारउद्यमी अरुण सिंघानियाको हत्या, जनकपुरधाममा भएको बमकाण्डका मुख्य नाइके करार भए । अहिले उनी यी घटनामा दोषी ठहर हुँदै जन्मकैद काटिरहेका छन् ।

पूर्वमन्त्री एवम् जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानले रौतहटको एउटा कार्यक्रममा जाँदा दुई वटा बन्दुक लिएका दुई जनाको बिचमा बसेर तस्बिर खिचाए । जिल्ला इञ्चार्ज शेख जमसेदसँग डनजस्तै घुमेर तस्बिरहरु सार्वजनिक गर्दै सामाजिक सञ्जालमा राखे । प्रहरीले निकै अलोचना भएपछि जमसेदलाई बोलाएर सोधपुछ गरेको थियो ।

फेरि मुद्दा त्यतिकै सेलाएर गयो । बन्दुकसमेत इजाजत प्राप्त थियो । रौतहट प्रहरीले फोटो हटाउन लगाएर चुप लाग्यो । जनमत पार्टीले समेत आफ्ना नेताले यस किसिमको फोटो राखेर त्रास सृजना गर्ने कार्य गरिरहेको भनिए पनि चुप लागेर नै बसे ।

पछिल्लो तस्बिर र भिडियो सामाजिक सञ्जालमा जसपा



नेपालकी नेतृको आएको छ ।

सप्तरी निवासी जनता समाजवादी पार्टी नेपालकी केन्द्रीय सदस्य डा.बबिसिंह यादवले पेस्तोल पड्काउदै गरेपछि भाइरल बनिन् । राष्ट्रिय सभा सदस्य तथा पूर्वमन्त्री मृगेन्द्रकुमार सिंह यादवकी छोरी तथा सप्तरी, बोदेबर्साइन नगरपालिकाका मेयर आतेशुकमार सिंह यादवकी बहिनी उनले एउटा वैवाहिक कार्यक्रममा नृत्य गर्दै आकाशतिर फर्काएर गोली चलाएको भिडियो भाइरल भएको हो ।

उनले बन्दुक पडाएर गीतमा नाचेको भिडियो भाइरल भएको र प्रहरीले छानबिन गर्न थालेपछि खेलौना रहेको र यसलाई अतिरञ्जित नबनाउन आग्रह गरिन् । उनले सामाजिक सञ्जालमा लेखेकी छिन्, 'हिजोदेखि सामाजिक सञ्जालमा भाइरल बनाइएको भिडियोप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । भारतको सीमावर्ती शहर सीतामढीमा मेरो मामाकी छोरी (बहिनी) को वैवाहिक समारोहमा स्थानीय चलनअनुसार आफन्तको निजी निवासस्थित आँगनमा आफ्ना भाइबहिनीको आग्रहलाई स्वीकार गरी नृत्य गर्दा मैले 'रेन्जर टोइ' नामक खेलौनाले गरेको फायरलाई अतिरञ्जित नबनाइदिनु हुन यहाँहरु सम्पूर्णलाई हार्दिक अनुरोध गर्दछु ।

मेरो मामाको घरमा अत्यन्तै व्यक्तिगत र पारिवारिक समारोहमा एकछिन भाइबहिनी र परिवारका सदस्यसँग रमाइलो गर्दा खिचिएको भिडियोलाई कुनै तथाकथित 'युट्युब पत्रकार'ले सन्दर्भ र अनुमतिबिना आफ्नै सामग्रीजस्तो गरी सामाजिक सञ्जालमा प्रस्तुत गर्नु पत्रकारिताको अपमान मात्र होइन, प्रेस आचारसंहिताको उल्लङ्घन पनि हो, जसको म घोर भत्र्सना गर्दछु । साथै, वैवाहिक कार्यक्रममा वा अन्य कुनै समारोहमा रमाइलो गर्ने वा मनोरञ्जन गर्ने अधिकार के पुरुषहरुको मात्रै हो ? महिलाले एकछिन नृत्य गर्दा वा रमाइलो गर्दा आकाश नै खसेकोजस्तो सोच्ने पितृसत्तात्मक मानसिकताप्रति म गहिरो खेद प्रकट गर्दछु ।'

यता, सप्तरी प्रहरीले घटनालाई गम्भीररुपमा लिँदै छानबिन अगाडि बढाएपछि उनले प्रष्टिकरण दिएकी हुन् । गोली पडकाइएको पेस्तोल प्रहरीले सर्लाहीको मलंगवाबाट बरामद गरेको छ । मलंगवा नगरपालिका–२ का अन्जनी कुमारको घरबाट पेस्तोल बरामद गरिएको र त्यसको जाँचका लागि विधि विज्ञान प्रयोगशालामा पठाइएको प्रहरीले जनाएको छ । अन्जनीले वसन्त कुमारको छोरी कोमल सुप्रियाको हल्दी रेशममा बबीले त्यो पेस्तोल बोकेर डान्स गरेको बयान दिएका छन् । यता सप्तरी प्रहरीले हाजिर हुने सर्तमा उनलाई छाडेको छ । तर यी घटना जति सामान्य रुपमा लिने गरिए पनि नेताहरुमा शक्ति र समाजमा आफनो प्रभुत्व देखाउने गरी नै रवाफ देखाउने र हतियार प्रदर्शन गर्ने गरेका छन् ।

मधेश राजनीतिका जानकार डा. भोगेन्द्र झा नेताहरुमा राजनीतिक विचारधारा भन्दा पनि देखावटी र रवाफ जमाउने प्रवृत्ति बढी देखिँदा समयसमयमा यस्ता गतिविधिमा रमाउने र देखाउने गरेको बताउँछन् । उनले भने, 'शक्ति नै सत्ताप्राप्तिको श्रोत भएकाले समेत उनीहरु सत्तामा पुग्न समय समयमा कसरी शक्ति देखाउन सकिन्छ भन्ने चिन्तनका कारण यस किसिमको हर्कतमा उत्रने गरेका छन् ।'

अर्का राजनीतिका जानकार रोशन जनकपुरीले यो सोच र चिन्तनको विषय रहेको बताए ।

उनले भने, 'पहिला जमिन्दारहरु आफनो राजसी प्रवृत्ति देखाउन र समाजमा आफनो प्रभुत्व देखाउन यस खालको कार्य गर्थे, यसैको परिचायक हुनसक्छ ।' तर समाजमा व्यक्ति आफ्नो प्रतिष्ठा र वर्चश्व कसरी स्थापित हुन्छ, त्यसका कारण यस खालको कार्य गर्ने गरेको जनकपुरीको कथन छ ।

# सीमामा सास्ती छैन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रशासनले वीरगंज रक्सौल नाकामा सुरक्षा जाँचमा कडाइ गरिए पनि सर्वसाधारणलाई कुनै तनाव, परेसानी नभएको जनाएको छ । केही सञ्चार माध्यम र सामाजिक सञ्जालमा भनिएजस्तो सीमामा नागरिकता या परिचय पत्र माग्ने काम नभएको प्रशासनले बताएको छ । सुरक्षाका नाममा सर्वसाधारणलाई आतंकित पार्ने हिसाबले सञ्चार गरिएको र यस्तो ढंगले परिचय पत्र लिएर आउजाउ गर्न दिइएको सूचना गलत भएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बताए ।
यस्तै, भारतपट्टिको भूभागमा



सीमा सुरक्षा बल (एसएसबी)ले जाँच कडाइ गरे पनि परिचय पत्र नमागिएको जनाएको छ । शंकास्पद लगेज कस्ट्युम अगाडि लगेर भ्यानमा स्क्यानिङ गरेर पठाइने गरिएको एसएसबीले जनाएको छ । शंकास्पद पात्रसँग परिचय पत्र माग्ने काम सुरक्षा निकायको भएको प्रशासनले जनाएको छ ।

# वन कार्यालय प्रमुखकै संलग्नतामा पाँच बिघा वन फँडानी ?

**मधेशदृष्टि**
**रौतहट ।**
डिभिजन वन कार्यालय रौतहटका प्रमुखकै मिलोमतोमा व्यापक वन फँडानी भएको आरोप लागेको छ । गत एक महिनामा रौतहटमा पाँच बिघा भन्दा बढी क्षेत्रफलको वनक्षेत्र पूर्णतयाः फँडानी भएको छ भने वनक्षेत्रमा हजारौँ रुख कटान गरिएका छन् ।

चन्द्रपुर नगरपालिकाको गैँडाटार क्षेत्रमा वन कार्यालयकै मिलोमतोमा व्यापक वन फँडानी भइरहेको वन जंगल संरक्षण अभियान नेपालका राष्ट्रिय संयोजक सुनिलकुमार यादवले आरोप लगाए । गत एक महिनाभन्दा केही समय अघिदेखि गैँडाटार वन क्षेत्रमा व्यापक रुख कटान भएको बताउँदै संयोजक यादवले पाँच बिघा जति क्षेत्रफलको वन सम्पूर्णतः फँडानी गरिएको आरोप लगाए ।

डिभिजन वन कार्यालय रौतहटका डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहकै मिलोमतोमा गैँडाटारमा वन क्षेत्र फँडानी गरिएको र फँडानी भई खाली भएको जमिनमा वृक्षरोपण गरिएको आरोप संयोजक यादवको छ । घटना ढाकछोप गर्न खाली जमिनमा वृक्षारोपण गरिएको संयोजक यादवको भनाइ छ ।

वन क्षेत्रको खाली जमिनलाई अतिक्रमणबाट जोगाउन वृक्षरोपण गरिएको डिभिजन वन कार्यालयले जनाएको थियो । तर वन अधिकृत साहकै मिलोमतोमा गैँडाटारका साथै अन्य वनक्षेत्रमा पनि व्यापक रुख कटानी भएको यादवको दाबी छ । मधेश प्रदेशका वनमन्त्रीलाई चुनौती दिँदै यादवले भने, 'रौतहटको वनमा भइरहेको व्यापक फँडानीको निरीक्षण गर्न मधेश प्रदेशका मुख्यमन्त्री र वन मन्त्रीलाई चुनौती दिन्छु ।'

रौतहटको वनक्षेत्रमा भइरहेको व्यापक फँडानीमा मधेश प्रदेशको वन मन्त्रालय तथा वन मन्त्रीको पनि संलग्नता रहेको संयोजक यादवले आशंका व्यक्त गरे । रौतहटको वन क्षेत्रमा व्यापक मात्रामा भइरहेको फँडानी तथा रुख कटानको विषयमा वन मन्त्रालय, सरोकारवाला निकाय तथा वन मन्त्रीसमेतलाई जानकारी हुँदाहुँदै पनि घटनालाई आलटाल गर्ने र ढाकछोप गर्ने काम भइरहेको प्रति संयोजक यादवले आपत्ति जनाए ।

रौतहटका वन अधिकृत साहले विगतमा पनि वन क्षेत्र व्यापक फँडानी गरेर इतिहास कायम गरेको आरोप संयोजक यादवको छ । केही वर्ष पहिले महोत्तरीमा वन प्रमुख हुँदा रम्तेल डाँडाको वन क्षेत्र फँडानी गरेको र यो आरोपमा साह निलम्बितसमेत भएको संयोजक यादवको दाबी छ । निलम्बन फुकुवा भएपछि जिम्मेवारीमा आएका वन अधिकृत साहले अहिले पनि वन फँडानी गराइरहेको यादवको भनाइ छ ।

डिभिजन वन कार्यालय, वन अधिकृत साह र वन माफियाको मिलोमतोमा वन क्षेत्रमा रुख कटान गरी साइकलमा रुख ढुवानी गर्नेको संख्यामा वृद्धि भएको संयोजक यादवको भनाइ छ । वन क्षेत्रबाट साइकलमा काठ ढुवानी गर्नेले एक हजारदेखि एक हजार पाँच सय रुपैयाँसम्म वन कर्मचारीलाई बुझाउने गरेको संयोजक यादवको आरोप छ । अहिले पनि वन क्षेत्रमा रुख कटान भइरहेको बताउँदै संयोजक यादवले जंगलमा रुख काटेर माटो र पातपतिंगरले छोपेको तथा रुख काटेर खाली भएको जमिनलाई जोतेर मकै छरिएको पनि पाइएको बताए । डिभिजन वन कार्यालय रौतहटका प्रमुख साहले अतिक्रम भएको जग्गा आफूहरूले नियन्त्रणमा लिइसकेको बताए । बाहिर आएको कुरा गलत रहेको उनको भनाइ छ ।

# निजी अस्पतालमा ब्रम्हलुट कायमै

**मधेशदृष्टि**
**सिरहा ।**
मधेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अनुगमन गरे पनि निजी अस्पताल र फार्मेसीले सेवाग्राहीसँग अत्यधिक रकम लिई ब्रहमलुट मच्चाउन छाडेका छैनन् । मिर्चैयास्थित मनकामना मिड इस्टर्न अस्पतालले सेवाग्राहीसँग पाँच रुपैयाँ पर्ने इन्जेक्सनको एकसय रुपैयाँ लिएको प्रमाण फेला परेको छ । मिर्चैया नगरपालिका–७ कटारी चौकस्थित अस्पताल भित्र रहेको विकास मेडिकल हलमा खरिद गरिएको औषधीमा अत्याधिक रकम लिने गरेको सेवाग्राही बताउँछन् । घटना २०८१ चैत २६ गतेको हो । कल्याणपुर नगरपालिका–१ चतरी बनिनियाकी रचना कुमारी मण्डल मोटरसाइकल दुर्घटनामा परेर २६ गते दिउँसो घाइते भइन् । मिर्चैयाबाट घरजाने समयमा दुर्घटनामा परेकी उनको खुट्टामा बढी चोट लागेकाले हतारहतार मनकामना अस्पताल पुगिन् । सबै सेवा सुविधा पाइन्छ भनेर नजिकैको अस्पतालमा पुगे पनि खुट्टाको हड्डी फ्याक्चर भएकाले उपचार सम्भव भएन । उनी हाडजोर्नी डाक्टरसँग चेक गराउनुपर्ने निधोमा पुगेर अर्को अस्पताल गइन् ।

मनकामना मिड इस्टर्न अस्पतालबाट डिस्चार्ज हुनेबेला औषधीको पैसा तिर्नुपर्ने भनेर फार्मेसी गइयो । अस्पताल भित्र रहेको विकास मेडिकल हलले उनलाई ल्याब र इमर्जेन्सीको ४ हजार ७ सय रुपैयाँ र डाक्टर चार्ज एकहजार रुपैयाँ, अब्जर्भेसन चार्ज एकहजार रुपैयाँ तथा औषधीसहितको ६ हजार तीन सय पैतीस रुपैयाँ जोडेर ११ हजार रुपैयाँको बिल थमाइयो । उनले चार घण्टामै यतिको बिल कसरी भयो भनेर सोध्दा भन्दा औषधी पसलले पाँच सय डिस्काउन्ट गरेर दश हजार पाँच सय रुपैयाँ मात्र दिन भन्यो । रकम तिरिन् । अस्पतालले चारघण्टाको अवधिमा मण्डललाई १३ प्रकारको औषधी चलाएको बिलमा देखिन्छ । बिकास औषधी पसलले दिएको बिलमा आइभी सेट, फिक्स टेप, आइभी क्यानुला, आरएल सलाइन, जोन इन्जेक्सन, एसिलक इन्जेक्सन, केट्रोल इन्जेक्सन, डाइलोना इन्जेक्सन, टिटि इन्जेक्सन, एनएस ५ सय एमएल, सिरिन्ज १० एमएल, सिरिन्ज ५ एमएल र सर्जिकल ग्लोब्स २ थान प्रयोग गरिएको देखिन्छ । औषधी पसलले औषधीलगायतका मेडिकल सामग्रीको ६ हजार रुपैयाँ भन्दा बढी लिएको छ । तर, सोही औषधी र मेडिकल सामग्री मिर्चैया नगरपालिकाले सञ्चालनमा ल्याएको मिर्चैया अस्पतालको फार्मेसीमा गएर खरिद गर्दा जम्मा एक हजार एकसय चार रुपैयाँ मात्र पर्यो । अस्पतालको औषधस् पसलेले सेवाग्राहीलाई दिएको बिल र मिर्चैया अस्पतालको बिलमा मूल्यको तुलना गर्दा, अधिकांश औषधीमा दोब्बरदेखि दशगुणासम्म बढी रकम लिएको पाइएको हो ।

उपचारमा आएकी मण्डल एउटा उदाहरणका पात्र मात्र हुन् । यो अस्पतालमा आउने जो कोही ठगिएको प्रमाण फेला परेका छन् । औषधीको प्यान बिलमा बिरामीको इमेर्जेन्सी चार्ज, बेडचार्ज, नर्सिङ चार्ज र अब्जर्भेसन चार्ज काट्नु नै गैरकानूनी हो ।

# चिहानबाट पुनः राजसंस्था फर्कदैँनः विष्ट

**राकेश यादव**
**गौर ।**
नेपाल कम्युनिस्ट पार्टी एमालेका सचिव गोकर्ण विस्टले नेपाली जनताको शान्तिपूर्ण आन्दोलनले चिहानमा पुगिसकेको राजसंस्था कुनै पनि हालतमा पुनर्जीवित हुन नसक्ने बताएका छन् । २ सय ४० वर्षको शाहवंशीय शासन व्यवस्थालाई नेपाली जनताले विस्थापित गरिसकेकाले पुनः फर्किन सक्ने अवस्था नरहेको उनले दाबी गरे ।

रौतहट सदरमुकाम गौरस्थित नेकपा एमालेको पार्टी कार्यालयमा नेकपा एमाले गौर नगर कमिटीले गरेको नेकपा एमाले गौर नगर कमिटीको ९औँ नगर अधिवेशन उद्घाटनमा पूर्वमन्त्रीसमेत रहेका विस्टले गणतन्त्रविरुद्ध लाग्ने कुनै पनि शक्तिलाई लोकतान्त्रिक शक्तिले सशक्तरुपमा प्रतिरक्षा गर्ने बताए । नेपाली जनताको हित, लोकतन्त्र तथा गणतन्त्र रक्षा, बेरोजगारी समस्या समाधान गरी रोजगारी सृजना, जनताको विकास समृद्धिका लागि नेकपा एमालेले काम गरिरहेको बताउँदै नेकपा एमालेको विकास देखेर चारैतिरबाट प्रहार भइरहेको उनले उल्लेख गरे ।

२०१५ सालको आमनिर्वाचनमा रौतहटको चारै क्षेत्र बाट एमाले विजयी भएको इतिहास स्मरण गर्दै आगामी २०८४ मा पनि जिल्लाको सबै निर्बाचन क्षेत्रमा एमालेको झण्डा फहराउनु पर्ने अपेक्षा एमालेको रहेकाले संगठित भएर पार्टीमा लाग्न कार्यकर्तालाई उनले आग्रह गरे । नेकपा एमालेमा १५ वर्ष बसेर देशको प्रधानमन्त्रीसमेत बनिसकेका माधव कुमार नेपालले रौतहटको जनतालाई ठगी मात्र गरेको उनले टिप्पणी गरे ।

पटकपटक मत लिएर निर्वाचित भएका नेपालले रौतहटमा केही विकास नगरेकाले अबको निर्वाचनमा जनताले बहिस्कार गर्नेसमेत उनले विश्वास व्यक्त गरे । उनले चैत १५ गते भएको लुटपाट, आगजानीको घटनामा संलग्न रहेकालाई सरकारले कानूनी दायरामा ल्याएर कडा कारबाही गर्न ध्यानकर्षण गराए । राष्ट्रिय स्वतन्त्र पार्टीप्रति लक्षित गर्दै उनले भने, 'मूलधारको पार्टीविरुद्ध च्याउ झैँ उम्रिएका पार्टी २ बर्ष नबित्दै कान्डै काण्डमा परिसके ।'

नेकपा एमाले रौतहट इञ्चार्ज अजय कुमार गुप्ताले माधवकुमार नेपाल जनतालाई पटकपटक ठग्दै आएको आरोप लगाए । उनले गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहलाई लाल बकैया नदीबाट उत्खनन् गरिने माटोमा लगाइएको कर फिर्ता लिन आग्रह गर्दै जनभावना विपरीत काम नगर्न सुझाव समेत दिए ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रेखा झा, केन्द्रीय लेखा आयोग सदस्य राजकिशोर प्रसाद यादव, केन्द्रीय सदस्य कुन्दन कुशवाहा, प्रदेश सांसद जय चन्द पटेल, मोहमद जैद आलम, प्रदेश कमिटी सदस्य श्याम सुन्दर पटेल, जिल्ला अध्यक्ष सचितानन्द साहले मन्तव्य राखेका थिए ।

# उद्योग र पर्यटनको विकास गरी युवायुवतीलाई विदेश पलायनबाट रोक्नुपर्छः मुख्यमन्त्री सिंह

**मोरङ ।**
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मुलुकमा उद्योग र पर्यटन क्षेत्रको विकास गरी युवायुवतीलाई विदेश पलायनबाट रोक्नुपर्ने बताएका छन । कोशी प्रदेश सरकारद्वारा आयोजित दुई दिने प्रदेश लगानीको बिहिवार विराटनगरको सभागृहमा उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले उद्योग र पर्यटनका क्षेत्रमा लगानी वृद्धि गरेमा मात्र युवा पलायन रोक्न सकिने धारणा राखे । उनले छिमेकी मुलुक भारत र चीनबाट हिन्दू र बौद्धधर्मावलम्बीलाई नेपालमा घुमाउन सके देश आर्थिक रुपमा बलियो हुने बताए ।
सङ्घीय सरकारले आवश्यक नीति बनाइ भारतीय पर्यटकलाई नेपालमा आकिर्षत गर्नुपर्ने मुख्यमन्त्री सिंहले सुझाव दिए । उनले अहिले मुलुकभरि लगानीको वातावरण बनिरहेको र यसबाट राष्ट्रले राम्रो प्रतिफल प्राप्त गर्नसक्ने बताए ।
कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीय संरचनामा देश गए पनि कतिपय कानुन पुराना भएका कारण समस्या भइरहेको बताए । उनले सङ्घीय संरचनालाई बलियो बनाउन कानुनी र संरचनामा देखिएको जटिलता फुकाउन आवश्यक रहेको बताए ।
‘मुलुकका सबै प्रदेश प्राकृतिक स्रोत साधनले धनी छन् । कर्णालीको साधन स्रोतको उपयोग गर्न सके देशको समृद्धिमा सहयोग पुग्छ’, मुख्यमन्त्री कँडेलले भने ।रासस

# मेरो अबको बाँकी जीवन राष्ट्रका निम्ति रहन्छः पूर्वराष्ट्रपति भण्डारी



**काठमाडौँ ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफूले गृहस्थ जीवन पार गरिसकेकाले बाँकी जीवन राष्ट्रका लागि योगदान गर्ने इच्छा रहेको बताए ।
राष्ट्रिय समाचार समिति (रासस)द्वारा प्रकाशित ‘रासस फोटो किताबः गणतन्त्रको १६ वर्ष’ ग्रहण गर्दै प्रथम महिला राष्ट्रपति भण्डारीले भनिन, ‘मेरो अबकोबाँकीजीवनराष्ट्रकानिम्तिरहन्छ ।’
सरकार सञ्चालनमा रहेका पार्टी अल दल केन्द्रित भए कि भन्ने कुरा आउन थालेको प्रसङ्ग उल्लेख गर्दै उनले व्यक्तिको आकाङ्क्षा र महत्वाकाङ्क्षाभन्दा हाम्रो राष्ट्रिय आकाङ्क्षा के हो भन्नेतर्फ हामी सबैको ध्यान जानुपर्ने बताईन ।
उनले भनिन, ‘दलीय व्यवस्थामा राजनीतिक दल धेरै हुनु स्वाभाविक हो, तर कुनै पनि दलको स्पष्ट बहुमत नआउने÷नहुने, सरकार छिटो परिवर्तन भइरहने तथा सत्ता र शक्तिका लागि साना दलले ‘बार्गेनिङ’ गर्ने अवस्थामा सुधार गर्न राष्ट्रिय सहमतिसहितको दिगो कार्यक्रम ल्याउन आवश्यक देखिन्छ ।’
सरकारले जिम्मेवारी बोधका साथ दीर्घकालीन, अल्पकालीन र तत्कालीन कार्यक्रम ल्याउने प्रक्रिया सुरु गरेको प्रसङ्ग उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले जनताका बढ्दो माग र सुविधालाई सम्बोधन गर्ने क्रममा पछिल्ला दिनमा भइरहेको तीव्र बसाइँसराइलगायत कारण आउनसक्ने चुनौतीकाबारे अब सोच्नुपर्ने बेला आएको छ भनिन ।
उनले भनिन, ‘राज्यको महत्वपूर्ण क्षेत्रको नेतृत्व गरिरहँदा राजनीतिक दललाई पनि त्यही नै सुझाव दिने हो । विकासको परिभाषामा पनि हामीले समय अनुकूल सोच्नु पर्नेछ । अहिलेको नयाँ पुस्ता अलि तीव्रगतिमा विकास चाहन्छ । पहिलाको जस्तो अवस्था छैन, त्यसतर्फ पनि जिम्मेवार पक्षको ध्यान जान आवश्यक छ ।’ मुलुकमा राजनीतिक स्थिरता नहुनमा निर्वाचन प्रणालीको दोष नरहेको बताउँदै उनले भनिन, ‘यो व्यक्ति विशेषका मनको कुरामात्रै हो । धेरै पार्टीले जिते, त्यसमा के बिग्रियो त ? जसले जिते पनि नेपाली नै जित्ने हो । पाँच वर्षसम्म दलले मिलेर गएपनि हुन्छ नी ।’
उनले देशको विद्यमान विकासको ढाँचासहित शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्नुपर्ने खाँचो औँल्याईन ।रासस

# शिक्षा विधेयक छिटो प्रक्रियाबाट पारित गर्न सकिन्छः उपाध्यक्ष घिमिरे



**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले शिक्षा विधेयक संसद्का दुवै सदनबाट छिटो प्रक्रिया अपनाइ पारित गर्न सकिने धारणा राखेकी छन ।
लियो क्लब डिस्ट्रीक्ट ३२५ इ को तेस्रो जिल्ला परिषद् बैठक र तेस्रो वार्षिक जिल्ला सम्मेलनको बिहिवार उद्घाटन गर्दै उपाध्यक्ष घिमिरले सरकारसँगको सहमतिअनुसार नै छिटो प्रक्रियाबाट विधेयक सदनबाट पारित गर्न सकिने बताएकी हुन ।
‘एक महिनादेखि आन्दोलनरत शिक्षक र सरकारबीच बुधबार राति प्रतिनिधिसभाबाट आगामी असार १५ मा शिक्षा विधेयक पारित गर्ने सहमति भएको छ’, उपाध्यक्ष घिमिरले भनिन, ‘प्रतिनिधिसभाबाट पारित भएको विधेयकलाई दलहरुको सहमतिमा राष्ट्रियसभाले छिटो प्रक्रियाबाट पारित गर्न सकिन्छ ।’ उनले महत्वपूर्ण विधेयक पारित भएर कानुन बन्न नसक्दा सङ्घीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको उल्लेख गरेका छन ।
उनले भनिन, ‘प्रतिनिधिसभाले शिक्षा र निजामतिलगायका विधेयक पारित गर्नका लागि शनिबार र बिदाका दिन बाहेकका सबै दिन संसद् सञ्चालन गर्ने सहमति गरिसकेको छ, प्रतिनिधिसभाबाट पारित भएर आएका विधेयकहरु राष्ट्रियसभामा लामो समय अड्काउने काम गरेका छैनौँ ।’
उपाध्यक्ष घिमिरेले नेपाली युवालाई सबल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक अङ्गमा सार्थक सहभागिता सुनिश्चित गराउने र नेपाललाई आधुनिक न्यायपूर्ण तथा समृद्ध राष्ट्र बनाउने कुरामा पनि युवाहरुले महत्वपूर्ण भूमिका खेल्न आग्रह गरिन ।
युवा वर्गको क्रियाशीलताबाट नै राष्ट्र निर्माणका हरेक क्षेत्रमा सकारात्मक परिवर्तन सम्भव भएकाले युवा वर्गले सदैव कर्मशील सोचबाट अघि बढ्न सक्नुपर्ने उनको भनाइ थियो । रासस

# शारीरिक र बौद्धिक श्रम गर्ने सबै खाले श्रमिकको श्रमलाई सम्मान गर्नुपर्छः पूर्वप्रधानमन्त्री भट्टराई

**काठमाडौँ ।**
नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले शारीरिक र बौद्धिक श्रम गर्ने सबै खाले श्रमिकको श्रमलाई उच्च सम्मान गर्नुपर्ने बताएका छन ।
१३६औँ अन्तरराष्ट्रिय श्रमिक दिवसको अवसरमा नेपाल समाजवादी टे«ड युनियन महासङ्घ र नेपाल समाजवादी नेवा सङ्घले संयुक्त रुपमा बिहिवार यहाँ आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै श्रमिकको हकहितको कुरा गर्ने कम्युनिष्ट पार्टीका नेताहरु नै सत्तामा पुगेपछि मजदुरका हकहितका विषयलाई बेवास्ता गर्ने गरेको बताए ।
अध्यक्ष भट्टराईले भने, ‘मजदुरले लडेर ल्याएको आठ घण्टा काम आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको अधिकार व्यवहारमा अझै लागू हुन सकेको छैन, अहिले श्रम गरेर खाने भन्दा बिचौलिया र कमिसन खोरको बिगबिगी भएको छ ।‘ मजदुरहरु र आम नेपाली जनताको सङ्घर्षका कारण देशमा सङ्घीय लोकतान्त्रिक व्यवस्था, स्थापना भए पनि मजदुरका समस्या समाधान हुन नसक्नु दुःखद पक्ष भएको उनको भनाइ छ ।
उनले लामो सङ्घर्षबाट राजतन्त्र हटाए पनि राजनीतिक दलका नेताको कार्यशैली राजाको जस्तै भएको उल्लेख गर्दै ती दलहरुकै कारण जनतामा असन्तुष्टि सृजना भएको दाबी गरे । अध्यक्ष भट्टराईले देशमा राजनीतिक स्थायित्व र आर्थिक समृद्धिका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसद् हुनुपर्नेमा जोड दिँदै पुराना दलले मजदुर र आमजनताका समस्या समाधान गर्न नसक्ने भएकाले आफूले अग्रगामी र वैकल्पिक एजेण्डासहित नेसपा नयाँ शक्ति अगाडि बढाइएको प्रष्ट पारे ।
उनले आफूले भारत भ्रमणका क्रममा दुई देशबीचको सम्बन्ध सुमधुर बनाउने काम गरेको बताउँदै नेपालमा राजावादी भन्नेले फैलाएको भ्रमबाट भ्रमित नहुन आफूले भारतका विभिन्न पार्टीका नेतालाई भनेको बताए ।
कार्यक्रममा नेसपा (नयाँ शक्ति) का केन्द्रीय सदस्य एवं नेपाल समाजवादी ट्रेड युनियन महासङ्घका अध्यक्ष विष्णु पौडेलले सरकारले तोकेको न्यूनतम पारिश्रमिक १७ हजार पाँच सय रुपैयाँ ले मजदुरलाई खान नपुग्ने भएकाले उक्त रकम बढाउनुपर्नेमा जोड दिए ।
नेसपा (नयाँ शक्ति) का सचिव भावना तामाङ, विज्ञ परिषद्का सदस्य अनुपसिंह सुवाल, मजदुर महासङ्घका इन्चार्ज तेजुलाल कर्णलगायतले भौतिक र बौद्धिक दुवै खाले श्रम गर्ने श्रमिकको सम्मान हुनुपर्नेमा जोड दिए ।रासस

# शेष घले नेतृत्वको एनआरएनएको महाधिवेशनः २ हजार ६४३ डेलिगेट्स फाइनल



**काठमाडौं ।**
गैरआवासीय नेपाली संघ (एनआरएनए) को एकता महाधिवेशनमा डेलिगेट्स (प्रतिनिधि) को फाइनल सूची तय गरिएको छ ।
उच्चस्तरीय समितिको बिहीबार बसेको बैठकले प्रतिनिधिको फाइनल सङ्ख्या २ हजार ६४३ जना कायम गरिएको सदस्य विनोद कुँवरले जानकारी दिए ।
उनका अनुसार फाइनल प्रतिनिधिमध्ये कतिपयले अझै पनि आवश्यक कागजात बुझाउन बाँकी रहेको भन्दै निर्वाचन समितिमा बुझाएर निर्वाचनमा भाग लिन आग्रह गरे । उनका अनुसार शुक्रवार अपराह्न २ बजेभित्र तोकिएको कागजात र दस्तुर बुझाउनु पर्नेछ । निर्वाचन प्रयोजनका लागि अनलाइन फारम भरिसकेका मतदाताहरूमध्ये वैशाख १५ गतेसम्म ६२५ जनाको नाम प्रमाणीकरण भई निर्वाचन समितिले प्रथम मतदाता नामावली प्रकाशन गरेको थियो । अब समितिले प्रक्रिया पूरा गरेर पुनः थप नामावली सूची प्रकाशित गर्नेछ ।
निर्वाचन समितिका प्रमुख निर्वाचन आयुक्त वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले शुक्रवार अपराह्न निर्वाचन समितिले प्रक्रिया पूरा भएका नामावली थपेर अन्तिम नामावली प्रकाशित गर्ने बताए ।
शनिवार महाधिवेशनको उद्घाटन पछि मनोनयन दर्ताको समय तोकिएको छ । आइतबार मतदान गर्ने कार्य तालिका रहेको छ ।
‘निर्वाचन प्रक्रियामा सहभागिता जनाउन इच्छुक सम्पूर्ण डेलिगेटहरूले तोकिएको म्याद भित्र आवश्यक प्रक्रिया पूरा नगरेमा, मतदाता नामावलीबाट वञ्चित हुन सक्ने सम्भावना अत्यन्त प्रबल रहनेछ। त्यसैले सबै सरोकारवालालाई समयमै कार्य सम्पादन गर्न हार्दिक अपिल गर्दछौं,’ समितिले भनेको छ।
शेष घलेको नेतृत्वको एनआरएनएको एकता महाधिवेशन वैशाख २० देखि काठमाडौँमा सुरु हुँदैछ ।

# विश्वभर रहेका नेपालीलाई पार्टीमा आबद्ध गराएर समृद्धि हासिल गर्ने नीति तय गर्छौंः उपभापति खड्का



**ललितपुर ।**
नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले विश्वभर रहेका नेपाली नागरिकलाई पार्टीको विभिन्न तहमा आवद्ध गराएर समृद्धि हासिल गर्ने पार्टीको नीति रहेको बताएका छन ।
नेपाली कांग्रेसको ‘नेपाली जनसम्पर्क समिति समन्वय विभाग’द्वारा बिहिवार पार्टी कार्यालय सानेपामा आयोजित ‘प्रवासमा नेपालीः सरकारको दायित्व र जनसम्पर्क समितिको भूमिका’ विषयक अन्तरक्रियामा उपसभापति खड्काले विगतका कमजोरीलाई स्वीकार गर्दै सुधारेर अगाडि बढ्नुपर्ने बताए ।
‘असन्तुष्टिलाई सम्बोधन गरेर काम गर्छौं, यसले सृजनात्मक भावना पैदा गर्छ, नकारात्मकताले निराशातिर लैजान्छ, निराशा हैन, असन्तुष्टिलाई स्वीकार गर्दै सम्बोधन गरेर समायोजन गरी समृद्धि हासिल गर्न लाग्नुपर्छ, स्थायित्वको अभियान अगाडि बढाउनुपर्छ । कहाँकहाँ कमजोरी छन्, कहाँकहाँ सुधार गर्नुपर्ने छ, त्यहाँ काम गर्छौं, संविधान संशोधन गर्छौं, समृद्ध बनाउँछौ’, उनले भने ।
उपसभापति खड्काले कांग्रेसको नेतृत्वमा आएको संविधानले परिकल्पना गरेको समानुपातिक, समावेशी, लोकतान्त्रिक व्यवस्था, गणतान्त्रिक पद्धतिलाई जोगाएर देशलाई समृद्ध बनाउनुपर्छ भने । उनले जनसम्पर्क समितिमार्फत झुट्टा प्रचारप्रसार र प्रवृत्ति रोक्दै परिस्थितिको सामना गरी अगाडि बढ्न सहयोग गर्न आग्रह गरे ।
विश्वभर रहेका गैरआवासीय नेपालीलाई समस्या नहुने गरी कानुन निर्माण गरेर संसद्बाट पारित गर्ने उनले प्रतिबद्धता जनाए । उपसभापति खड्काले विदेशमा रहेका नेपालीको जीवन सहज बनाउन र समस्या समाधानमा परराष्ट्र मन्त्रालयले भूमिका निर्वाह गर्दैआएको बताए ।
नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले राजनीतिक पार्टीको प्रभाव नेपालभित्र मात्रै सीमित भएर नहुने भएकाले ठूलो सङ्ख्यामा नेपालीको बसोबास गर्ने ठाउँमा जनसम्पर्क समिति विस्तार गर्नुपर्नेमा जोड दिए ।
‘रोजगारी, अध्ययन र व्यवसायको सिलसिलामा विदेशमा बसेकाहरुसम्म सङ्गठनलाई पु¥याउन हामी तत्पर छौँ, यसलाई व्यापक रुपमा विस्तार गर्नुपर्ने छ, पहुँच विस्तार नभएसम्म हाम्रो पार्टीको विस्तार हुँदैन, दुई किसिमको सदस्यतालाई व्यापक रुपमा विस्तार गर्नुपर्ने छ, हामीले व्यापक रुपमा सङ्गठन विस्तारमा काम गर्नुपर्ने छ‘, उनले भने ।
अरु देशमा भएको व्यवस्थाअनुसार गैरआवासीय नेपालीलाई अधिकारको व्यवस्थाका लागि कानुनी व्यवस्था गर्ने प्रवक्ता डा महतको भनाइ थियो ।
गृहमन्त्री रमेश लेखकले संविधानको भावनाअनुसार गैरआवासीय नेपाली नागरिकले अधिकार प्राप्त गर्ने गरी कानुन बनाइने बताए । ‘संविधानअनुसार प्रदान गरिएको गैरआवासीय नागरिकता नेपाली नागरिकता नै हो, नेपालमा वंशज, वैवाहिक अङ्गीकृत, अङ्गीकृत र गैरआवासीय नेपाली नागरिकता तथा मानार्थ नागरिकता लगायतका छन्, संविधानमा नकारात्मक शब्दावाली प्रयोग हुँदैन, सबै नागरिकताको आ–आफ्नो सीमितता हुन्छ, आर्थिक अधिकार भन्ने वित्तिकै सम्पत्तिको अधिकार हो’, उनले भने ।परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपाली नागरिकका लागि कानून बनाउन मस्यौदा तयार गरिरहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले एनआरएनएका लागि बैग्लै कानून बनाउने गरी मस्यौदा तयार गरिने प्रतिबद्धता व्यक्त गरे । ‘गैरआवासीय नेपाली नागरिकता र यसको सान्दर्भिकता, औचित्यताको सवालमा उहाँहरूको भावना र मुलुकको हितमा हुन्छ, उहाँहरुको प्रगतिले नेपाल समृद्ध हुन्छ’, उनले भने । गैरआवासीय नेपाली नागरिकले राहदानी लिनु नपर्ने गरी कानुन बन्न लागेको उनले जानकारी दिए । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले गैरआवासीय नेपाली नागरिकलाई नकारात्मकतालाई प्रशय दिने काम नगर्न आग्रह गरिन । ‘हाम्रो गौरवशाली इतिहासको गलत व्याख्या नगरौँ, गैरआवासीय नेपालीका समस्या चाँडै समाधान गर्छौँ, जन्मिदै नेपाली भएकाको पहिचान नेपाली नै हो, खुला सिमानाका कारण हामी केही कुरामा गम्भीर हुनुपर्ने अवस्था छ, सुरक्षाका कारणले केही समस्या छ, हामीले गैरआवासीयलाई समेटेर काम गर्छौँ’, उनले भने ।
विदेशी भूमिमा गैरकानुनी रुपमा बसेका र समस्यामा परेका नेपालीलाई वैद्यता दिने प्रयासमा रहेको परराष्ट्रमन्त्री डा राणाको भनाइ थियो । ‘हामीले मन्त्रालय र राजदूतावासबीच समन्वय गरिरहेका छौँ, तर तपाईंहरुलाई विदेशमा बस्नका लागि मेरो देशको नीतिलाई नकार्न सक्दिन, नेपाल र आफू बसेको देशको नीतिलाई नकार्ने काम नगर्नुस्, हाम्रो देशको सान र गौरवशाली इतिहासलाई कायम राख्ने गरी काम गर्नुहोस’, उनले भने ।
नेपाली कांग्रेसको नेतृत्वमा मात्रै देश समृद्ध हुने उनले बताईन । ‘एउटा गौरवशाली इतिहास भएको पार्टी नेपाली कांग्रेस मात्रै हो, पार्टीको बहुमत नआएसम्म हामीले भनेको सबैकुरा लागू गर्न सक्दैनौँ’, परराष्ट्रमन्त्री डा राणाले भनिन ।रासस

# लोकतान्त्रिक पत्रकार संघ महोत्तरीमा कुर्मी



**मधेशदृष्टि**
**महोत्तरी ।**
लोकतान्त्रिक पत्रकार संघ महोत्तरी संयोजकमा राजीव कुमार राय कुर्मी मनोनयन भएका छन् । संघको केन्द्रीय कार्यसमितिले विधानअनुसार पत्रकार कुर्मीलाई महोत्तरी संयोजकमा मनोनयन गरेको हो । नेपाल टेलिभिजन महोत्तरीका संवाददाता एवम् नेपाल पत्रकार महासंघ महोत्तरीका कोषाध्यक्षसमेत कार्यरत रहेका कुर्मी विभिन्न मिडियामा आबद्ध छन् । लामो समयदेखि पत्रकारिता पेसामा रहेका कुर्मी एफएम रेडियो, अनलाइन तथा छापा पत्रकारितामा क्रियाशील छन् । महोत्तरीको गौशाला १२ पडडिया निवासी कुर्मीको नेतृत्वमा लोकतान्त्रिक पत्रकार संघ महोत्तरीले अलग्गै पहिचान बनाउने विश्वास गरिएको छ । संघका केन्द्रीय अध्यक्ष कामरेन्द्र वर्माले बिहीबार कुर्मीलाई जिल्ला संयोजकमा मनोनयन गरिएको जानकारी गराए । देश, मधेश, पत्रकार र पार्टीको हितमा साह्को कार्यकाल उल्लेखनीय रहने विश्वास पनि संघले लिएको अध्यक्ष वर्माद्वारा हस्ताक्षरित मनोनयन पत्रमा उल्लेख छ । हालसम्म लोकतान्त्रिक पत्रकार संघको ४ वटा जिल्लामा जिल्ला संयोजक मनोनयन भइसकेको छ । बारामा बिनोद कुमार प्रजापति, रौतहटमा राजु कुमार श्रीवास्तव, सर्लाहीमा राजीव कुमार साह जिल्ला संयोजक चयन भइसकेका छन् ।




**श्रमिक दिवसमा प्रभातफेरीः** नेपाल ट्रेड युनियन मधेश प्रदेशले १३६औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा बिहीबार वीरगंजको घण्टाघरचोकमा निकालेको प्रभातफेरीमा सहभागी । तस्बिरः रासस

# लोसपा नेपालको विस्तारित बैठक हुने

**मधेशदृष्टि ।**
**रौतहट ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको जिल्ला कार्यसमिति रौतहटको विस्तारित बैठक वैशाख २२ गते हुने जिल्ला अध्यक्ष भरत साहले जानकारी गराएका छन् । केन्द्रीय तथा प्रदेशस्तरीय पदाधिकारीको सल्लाहअनुसार लोसपा नेपाल रौतहट जिल्ला कार्य समितिबारे विशेष छलफलका लागि बैठक हुन लागेको उनले बताए ।

सदरमुकाम गौरमा पूर्व प्रदेश सांसद बाबुलाल साह, केन्द्रीय सदस्य रामप्रवेश दास, प्रदेश सचिव ओम पटेल, प्रभा सिंह, केन्द्रीय सदस्य अरूण सिंह सम्मिलित बैठकबाट यस्तो निर्णय गरिएको हो ।

गौर–१ स्थित रामजानकी धर्मशालामा दिउँसो १ बजे हुने बैठकमा जिल्लाका सम्पूर्ण केन्द्रीय पदाधिकारी तथा सदस्य, प्रदेशका पदाधिकारी एवम् सदस्यलगायत जिल्लाका निर्वाचित तथा प्रत्यासी जनप्रतिनिधि, नेताकार्यकर्ता एवम् पार्टीसँग आवद्ध सदस्यलाई अनिवार्य उपस्थितिका लागि आमन्त्रण गरिएको छ । लोसपा नेपालको जिल्ला संयोजकमा साह मनोनयन भएपछि पहिलोपटक कार्यक्रम हुन लागेको हो ।



लोकतान्त्रिक युवा संघले ८२ हजार युवालाई जोड्ने

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल निकट संगठन एवम् शुभेच्छुक संस्था सक्रिय रूपमा काम गर्न थालेका छन् । लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले पार्टीको प्रभारी तोकेसँगै सबै संगठन सक्रिय भएका हुन् ।

बुधबारमात्रै लोसपा नेपालनिकट लोकतान्त्रिक युवा संघले महत्वाकांक्षी उद्घोष गरेको छ । संघले २०८२ सालमा ८२ हजार युवालाई संगठनमा जोडने महत्त्वपूर्ण लक्ष्यका साथ अगाडि बढ्ने निर्णय गरेको छ । लोकतान्त्रिक युवा संघको आगामी रणनीतिबारे सल्लाह सुझावका निम्ति लोसपा नेपालका महासचिव तथा लोकतान्त्रिक युवा संघका प्रभारी मनिष मिश्र, लोकतान्त्रिक युवा संघका केन्द्रीय अध्यक्ष सुजन यादव र संघका केन्द्रीय सचिव शैलेन्द्र ठाकुरबीच छलफल भइ यस्तो निर्णय गरिएको हो ।

लोकतान्त्रिक युवा संघले आफ्नो नीति, सिद्धान्तअनुसार काम गर्दै २०८२ मा ८२ हजार युवालाई संगठनमा जोड्ने लक्ष्य राखेको र सोहीअनुरूप कार्यनीति बनाइने महासचिव एवम् युवा प्रभारी मिश्रले जानकारी गराए । मिश्र भन्छन्, 'कुनै पनि देशको युवाशक्ति राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहकको रूपमा लिइन्छ । पार्टीलाई अगाडि बढाउन युवाको महत्वपूर्ण योगदान नै प्रमुख हुने गरेको छ ।' लोकतान्त्रिक युवा संघले पनि यस्तो उद्घोष गरेको महासचिव मिश्रको भनाइ छ ।

यस्तै, लोकतान्त्रिक युवा संघका केन्द्रीय अध्यक्ष सुजन यादवले भने, 'राजनीतिमा युवाको भूमिका महत्त्वपूर्ण भएकाले पार्टी मजबुत बनाउन ८२ हजार युवा जोड्ने लक्ष्य राखेका छौँ । छिट्टै नै यसको थालनी गरिने छ ।'

# शिक्षकलाई दक्षता अभिवृद्धि तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित एसआर ग्यालेक्सी विद्यालयले शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्ने विशेष क्षमता विकास तालिम गरेको छ । विद्यालयको सभाहलमा सम्पन्न तालिम शिक्षाविद्‍ डा. राजेन्द्र कोइरालाले सञ्चालन गरेका थिए । तालिममा डा. कोइरालाले शिक्षकको व्यक्तिगत र व्यावसायिक विकासका उपाय, भविष्य उज्वल बनाउने रणनीति तथा अनुशासित र गुणस्तरीय शिक्षा प्रदान गर्ने आधुनिक विधिबारे प्रशिक्षण दिए । उनले एउटै विद्यालयमा निरन्तर कार्यरत शिक्षकले पनि आफ्ना सीप र दृष्टिकोण विकास गरेर पेशागत उचाइ हासिल गर्नसक्ने उदाहरण प्रस्तुत गरे । विद्यालयका प्रधानाध्यापक शर्मा नन्द कुशवाहाले कार्यक्रमले शिक्षकको क्षमतामा उल्लेखनीय वृद्धि गर्ने विश्वास व्यक्त गर्दै यस्तो तालिमले विद्यालयको समग्र शिक्षण्स्तर उकास्न महत्वपूर्ण योगदान पुर्याउने बताए ।

# ९२ परिवारलाई लालपुर्जा

**महोत्तरी ।**
जिल्ला नापी कार्यालय जलेश्वरले बर्दिबास नगरपालिका–२ र ५ का ९२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरेको छ । नगरप्रमुख प्रह्लादकुमार क्षेत्री, नापी कार्यालयका प्रमुख रामविनय सिंह र सम्बन्धित वडाका वडाध्यक्ष श्यामराजा सिंह र काहारमान स्याङ्वाले संयुक्त रूपमा लालपुर्जा वितरण गरे । बर्दिबास–५ का ६८ र बर्दिबास–२ का २४ परिवारलाई लालपुर्जा वितरण गरिएको हो । जिल्ला नापी कार्यालयले बर्दिबास–२ र ५ का ९२ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको नगरप्रमुख क्षेत्रीले उल्लेख गरे । पाँच दशक पहिलेदेखि भोगचलन गर्दै आएका घरबासीको जग्गा नापजाँच गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको नापी कार्यालयले जनाएको छ । 'हामीले सम्बन्धित वडाध्यक्षको रोहबरमा जग्गा नापजाँच गरी प्रमाणपुर्जा बनाएका हौँ,' नापी कार्यालय प्रमुख सिंहले भने, 'जिल्लाभरि गाउँका घरबासी जग्गाका जग्गाधनी प्रमाणपुर्जा क्रमशः वितरण गर्दै आइएका छौँ, यो क्रम जारी रहन्छ ।' उनका अनुसार ती वितरण भएका जग्गाधनी प्रमाणपुर्जा सबै घरबास जग्गा हुन् । जिल्लाका सबै स्थानीयतहका वडा तथा बस्तीमा क्रमशः बसोबासका आधार र जग्गा भोगचलनका आधारमा घरजग्गाको नापजाँच गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरिरहेको प्रमुख सिंहले जानकारी दिए । उनका अनुसार वितरण गरिएका प्रमाणपुर्जा तीन धुरदेखि १० धुर क्षेत्रफलसम्म छ ।

# परिवारको भविष्य खोज्नेहरु...

**हिमाल लम्साल**
**वीरगंज ।**
वीरगंज महानगर–१५ भिष्वाका वीरेन्द्र महतोलाई दुई दशक अघिसम्म वीरगंज बजारमा रिक्सामा सवार गर्ने यात्रुको खासै प्रतीक्षा गर्नुपर्दैन्थ्यो । चोक–चोकमा भेट्टिने यात्रुलाई आफ्नो गन्तब्यमा पुर्‍याउनको लागि भ्याइनभ्याई हुने गथ्र्यो । त्यही कर्मबाट आफ्नो पाँच सन्तानलाई राम्रैसँग पढाइलेखाइ पनि गराउँदै आइरहेका थिए ।



तर, विगत पाँच वर्षयता भने उनीजस्तै वीरगंजमा भाडाको रिक्सा चलाउनेको अवस्था भने निकै दयनीय बन्दै आइरहेको छ । ४७ वर्षीय महतोलाई वीरगंज आसपासमा रिक्सामा सवार गर्ने यात्रु भेट्टाउन पनि मुस्किल पर्ने गरेको गुनासो सुनाउँछन् । '२० साल अघिसम्म त रिक्सामा सवार गर्ने यात्रुलाई गन्तब्यमा पुर्‍याउन भ्याइनभ्याई हुने गथ्र्यो । त्यतिबेला पनि आम्दानी पनि राम्रै हुने गथ्र्यो,' उनले भने, 'अचेल त चोक–चोकमा छ्याप्तछयाप्ती भेट्टिने अटोरिक्साका कारण हामीजस्ता भाडाका रिक्सा चालकको काम खोसिएको छ । अचेल त दिनको ७ सय रुपैयाँ कमाउन पनि मुस्किल पर्ने अवस्था आइसकेको छ ।'

तीन छोरी र दुई छोराका पिता महतोलाई रिक्सा चलाएर नै आफ्नो परिवारको गुजारा चलाउन हम्मेहम्मे परेको गुनासो पोखे । 'अहिले महङ्गीले आकाशै छुम्ला जस्तो गरिसक्यो । बिहान ३ बजेदेखि बेलुका ८ बजेसम्म घोटिँदा पनि मुस्किले ७ सय रुपैयाँ कमाउन धौ धौ भइसकेको छ,' उनले भने, 'त्यो सात सयमा पनि २ सय रुपैयाँ त रिक्साको साहुलाई भाडा तिर्नुपर्ने अर्को बाध्यता छ ।' यहाँका अधिकांश रिक्साचालकको आफ्नै रिक्सासमेत छैन । अधिकांश रिक्सा चालकले दैनिक औसतमा १ सय ५० देखि २ सय रुपैयाँ भाडा तिरेर साहूको रिक्सा चलाएर आफ्नो गुजारा चलाउँदै आइरहेका छन् ।

'रिक्साको भन्दा अटो रिक्साको भाडा धेरै सस्तो र छिटो गन्तब्यमा पुगिने लोभले सर्वसाधारण रिक्सामा चढ्न खासै रुची देखाउँदैनन्,' रिक्सा चालक महतोले भने, 'मेसिनबाट चल्ने अटोरिक्सा र हाम्रो रगत पसिनाबाट चल्ने रिक्साको रेट एउटै त कहाँ राख्न सकिन्छ र ?' वीरगंजको घण्टाघर चोकदेखि बसपार्कसम्म अटोरिक्सामा १० रुपैयाँमा नै यात्रा गर्न सकिन्छ भने रिक्सामा भने कम्तिमा पनि ३० रुपैयाँ पर्ने भएकाले पनि सर्वसाधारणको रोजाइमा अचेल रिक्सा खासै पर्दैन । उनले अटोरिक्सा किन्न नसकेकै कारणले भाडाको रिक्सा चलाउँदै आइरहेको दुखेसो पोखे । '५० हजार रुपैयाँ पर्ने रिक्सा त आफैँ किन्न सकेका छैनौँ भने कहाँ चार लाख रुपैयाँ पर्ने अटोरिक्सा किन्ने कुरो त सपना जस्तै हो,' चालक महतोले भने ।

प्राचीन तथा व्यापारिक शहर वीरगंज बजारमा पहिला जस्तो रिक्सा गुड्न पनि कमी आएको छ । अहिले वीरगंजमा औसतमा २ सय भन्दा धेरै रिक्सा चालक छन् । वीरगंजकै घण्टाघर आसपासमा रिक्सा चलाउँदै आइरहेका ४६ वर्षीय बसन्त गिरीले पनि रिक्सा चलाएर गुजारा चलाउन गाह्रो हुने अवस्था सिर्जना भएको बताए । 'अचेल रिक्सा सवारी गरेर पेट पाल्न पनि गाह्रो हुने अवस्था भइसकेको छ,' उनले भने, 'रिक्सा चलाउने बाहेक अन्य कुनै सीप छैन । तर यस्तै अवस्था रहिरहने हो भने त एक दिन नचाहेर पनि विस्थापित हुनुपर्ला कि ।'

वीरगंजमा नेपाली नागरिक मात्रै नभएर भारतीय नागरिक पनि रिक्सा चलाउँदै आइरहेका छन् । भारतको बिहार राज्यअन्तर्गतको बेतिया जिल्लाका ६० वर्षे सुरेश रामको अनभुवमा पनि पछिल्लो समय रिक्साका चढ्ने यात्रु घटेको अनुभव सुनाउँछन् । 'मेरो त जिन्दगी नै रिक्सा चलाएर बित्योभन्दा पनि हुन्छ,' उनले भने, 'वीरगंजमै रिक्सा चलाएको पनि ४५ वर्ष बितिसक्यो । तर अचेल रिक्सा चढ्ने यात्रुभने घटेको घट्यै छन् । यस्तै अवस्था रहिरह्यो भने त घर फर्किनुपर्ला भन्ने लागिरहेको छ,' उनले भने, 'बेटरीवाला अटोरिक्साले हाम्रो काम जति सबै खोसेका छन् । कसरी टिक्नु खोई !' रिक्साचालक रामका अनुभवमा अटोरिक्सा नपाएको बेला र अत्यावश्यक परेको खण्डमा मात्रै यात्रु रिक्सा चढ्ने गर्छन । 'छोटो रुट, अटोरिक्सा नगुड्ने ठाउँमा मात्रै यात्रुको रोजाइमा रिक्सापर्ने गर्छ,' उनले भने, 'पहिले त रिक्सा चढ्न हानाथाप हुने गथ्र्यो । अचेल त पुराना बुढापाका मात्रै चढ्ने गर्छन् ।' पछिल्लो समय वीरगंजमा रिक्सा र टाँगा हराउँदै पनि गइरहेको छ । वीरगंज आसपासमा टाँगा र रिक्सा न्यून संख्यामा मात्रै सडकमा देखिन्छन् । पछिल्लो समय युवा पुस्ता भने इलेक्ट्रिक तथा पेट्रोलियम पदार्थबाट चल्ने अटोरिक्सा चलाउनेतर्फ आकर्षित भइरहेका छन् वैदेशिक रोजगारीबाट फर्किएका युवा भने धमाधम अटोरिक्सा (टेम्पो)तर्फ आकर्षित भइरहेका छन् ।

वीरगंज महानगर–१५ नगवा मोहम्मद सबिरु पनि वैदेशिक रोजगारीको लागि तीन वर्ष युनाइटेड अरब इमिरेट्स गए । तर यहाँको खासै रमाउन नसकेपछि एक वर्षदेखि वीरगंज बजारमा भाडाको अटो रिक्सा चलाउँदै आइरहेका छन् । 'अरबको खाडी सहर दुबईभन्दा त आफ्नो घरआँगनमा अटो रिक्सा गुडाउँदा झनै रमाइलो लाग्ने रैछ,' उनले विगत स्मरण गर्दै भने, 'दुबईमा भन्दा यहाँ आठ–दश हजार आम्दानी कम होला तर, परिवारको साथै बसेर काम गर्दा छुट्टै आनन्द महसुस हुने गरेको छ ।' सबिरुले दैनिक ७ सय रुपैयाँ भाडा तिरेर भाडाको अटो रिक्सा गुडाउँदै आइरहेको बताए । 'पहिला–पहिला रिक्सा चढ्ने खुवै भेट्टिन्थे,' उनले भने, 'अचेल छिटो र सस्तो अटोरिक्सा हुने भएकाले सबैको रोजाइमा त्यही पर्ने गर्छ ।' उनले अटोरिक्सा चलाएर दैनिक औसतमा दुई हजार रुपैयाँसम्म आम्दानी गर्न सकिने बताए । 'अहिले अटोरिक्सा चलाएर परिवारलाई खुसीपूर्वक पालनपोषण गर्दै आइरहेको छु,' उनले भने ।

वीरगंजमा १० वर्षदेखि इलेक्ट्रिक रिक्सा चलाउँदै आएकी निशाचन्द्र ठकुरी पनि इरिक्साको पनि आम्दानी पनि घटेको अनुभव सुनाउँछिन् । 'यहाँ अहिले पाइला–पाइला अटोरिक्सा र इरिक्सा पाइने भएकाले पनि कमाई घट्दै गइरहेको छ,' उनले भनिन्, 'अहिले त दैनिक एक हजार ५ सय रुपैयाँ आम्दानी गर्न पनि मुस्किल भइरहेको छ ।' उनले भनिन्, 'टेम्पो र अटोरिक्सा चालकको हानाथापको कारणले पनि कुनै बेला त रित्तै पनि गुडाउनुपर्ने बाध्यता आइसकेको छ ।' उनी वीरगंजमा पहिलो महिला इरिक्सा चालकको रुपमा परिचित छिन् । उनले इरिक्सा चलाउन थाल्दा वीरगंजमा १० वटा मात्रै इरिक्सा गुड्ने गरेका थिए । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्ट वीरगंज बजार क्षेत्रमा अत्यधिक मात्रामा अटोरिक्सा चल्ने भएकाले पनि ट्राफिक जाम हुने गरेको बताउँछन् । 'वीरगंजबजार क्षेत्रमा यात्रु ओसार्ने सवारीसाधन भनेकै अटोरिक्सा हो । ससाना सवारीको कारणले पनि पिकआवरमा ट्राफिक व्यवस्थापनमा पनि समस्या थपिदैँ आइरहेको छ ।' वीरगंज बजार क्षेत्रमा अटोरिक्सा, रिक्सा, टाँगा र दुईपाङ्ग्रे सवारीसाधन अत्यधिक मात्रामा गुड्ने गर्छन् । यसको कारणले पनि पछिल्ला समय यहाँका सडक अटोरिक्सा र ससाना सवारीसाधनले भरिभराउ हुने गरेका छन् । वीरगंज महानगर आसपासमा चल्ने अटोरिक्साको एकिन तथ्याङ्क भने छैन । यद्यपि यहाँका सरोकारवाला निकायले भने करिब चार हजारको हाराहारीमा गुड्ने अनुमान गर्छन् । वीरगंज महानगर सडक तथा यातायात शाखा प्रमुख विजय गुप्ताले महानगरमा ७ सय ५० को हाराहारीमा अटोरिक्सा दर्ता भएको बताए । 'पर्साका १४ वटै पालिकाबाट वीरगंजमा अटोरिक्सा चल्ने भएकाले पनि संख्या यकिन गर्न र व्यवस्थापनमा पनि चुनौती थपिदैँ आइरहेको छ,' उनले भने, 'जनशक्तिको अभावको कारणले पनि अटोरिक्सा तथा टेम्पोलाई व्यवस्थित गर्न समस्या भइरहेको छ ।' रासस

# आन्तरिक रोजगारी र समाजिक सुरक्षामा सरकारको ध्यानाकर्षण

**मधेशदृष्टि**
**राजविराज ।**
'आन्तरिक रोजगारी र सामाजिक सुरक्षा हाम्रो अभियान, सामाजिक न्यायसहितको समृद्ध राष्ट्रको निर्माण' नारासहित बिहीबार १३६औँ श्रमिक दिवस विभिन्न कार्यक्रम गरेर मनाइएको छ । नेपाल ट्रेड यूनियन कांग्रेस सप्तरीले गरेको अन्तरक्रियामा सहभागीहरुले मुलुकमा लोकतन्त्र स्थापनाका लागि हरेक तहतप्काका मजदुर र पेशाकर्मीले गरेको योगदानको चर्चा गर्दै उनीहरुको अवस्थामा अहिले पनि सोचेजस्तो सुधार आउन नसकेकामा चिन्ता व्यक्त गरे ।

ट्रेड यूनियन कांग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डलको अध्यक्षता तथा नेपाली कांग्रेस सप्तरीका उपसभापति रामकुमार यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा नेपाल शिक्षक संघका सचिव राजदेव यादव, नेपाल प्रेस युनियनका सचिव रामानन्द देव, इन्द्रोडी संघ मधेश प्रदेशका अध्यक्ष कमल परियार, पत्रकार महासंघका पूर्व सभापति व्यासशंकर उपाध्यायलगायतले सामाजिक न्यायसहितको समृद्ध राष्ट्र निर्माणका लागि आन्तरिक रोजगारीमा वृद्धि, श्रमिकको उचित पारश्रमिक, जीवनस्तरमा सुधार तथा सामाजिक सुरक्षा लगायतका विषयमा राज्यले उचित ध्यान दिनुपर्नेमा जोड दिए ।

सम्पादकीय

# पूर्वराष्ट्रपतिको सक्रियता, राजनीतिमा फर्कने संकेत

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले फेरि राजनीतिमा फर्कने संकेत गरेको हो कि होइन भनेर एमाले वृत्तमा चर्चा हुन थालेको छ । भण्डारीले पनि आफ्नो सक्रियता बढाउँदा नेकपा एमालेका नेताहरु राजनीतिमा उनको पुनरागमन स्वागतयोग्य र अनुचित भन्ने कित्तामा आफूलाई उभ्याइरहेका छन् । स्वयम् भण्डारीले चैँ सामाजिक अभियानका नाममा प्रादेशिक हिसाबले आफ्नो उपस्थिति जनाउँदै जनमत बुझिरहेको देखिन्छ । बिहीबार मात्रै उनको प्रतिक्रिया आएको छ कि, गृहस्थ जीवन पार गरिसकेकाले बाँकी जीवन राष्ट्रका लागि योगदान गर्ने इच्छा छ । दुई कार्यकाल राष्ट्रपति भइसकेको व्यक्तिले बाँकी समय फेरि राष्ट्रका लागि योगदान गर्ने भनेको कसरी हो ? यसबारे एमालेभित्र बहस छ, स्वयम् भण्डारीले यसको खाका बताएकी छैनन् । तर एमालेकै नेतृत्व गरेर फेरि कम्युनिष्ट राजनीतिमा फर्कने भण्डारीको संकेतलाई केही एमाले नेताहरुले गजबसँग बजारीकरण गरिरहेका छन् । केही चैँ आउनुहुन्न भन्दै विपक्षमा उभिइरहेका छन् । यसको अर्थ हो भण्डारीको राजनीतिमा रुचि छ ।

राष्ट्रिय समाचार समिति (रासस)द्वारा प्रकाशित 'रासस फोटो किताबः गणतन्त्रको १६ वर्ष' ग्रहण गर्दै प्रथम महिला राष्ट्रपति भण्डारीले अबको बाँकी जीवन राष्ट्रका निम्ति रहने बताएकी छिन् । सरकार सञ्चालनमा रहेका पार्टी दल केन्द्रित भए कि भन्ने विषय आउन थालेको प्रसङ्ग उल्लेख गर्दै उनले व्यक्तिको आकांक्षा र महत्वाकांक्षा भन्दा राष्ट्रिय आकांक्षा के हो भन्नेतर्फ सबैको ध्यान जानुपर्ने बताइन् । जबकि सरकारमा एमालेकै नेतृत्व छ र भण्डारीलाई राष्ट्रपति पनि एमालेले नै बनाएको हो । दलीय व्यवस्थामा राजनीतिक दल धेरै हुनु स्वाभाविक हो, तर कुनै पनि दलको स्पष्ट बहुमत नआउने–नहुने, सरकार छिटो परिवर्तन भइरहने तथा सत्ता र शक्तिका लागि साना दलले 'बार्गेनिङ' गर्ने अवस्था सुधार गर्न राष्ट्रिय सहमतिसहितको दिगो कार्यक्रम आवश्यक भएको भण्डारीको तर्क छ । यतिखेर देशमा दुई ठूला दलको बलियो सरकार छ । भण्डारीको यो तर्क पक्कै राजनीतिमा 'दाल मे कुछ काला है'को संकेत गरिरहेको छ ।

सरकारले जिम्मेवारी बोधका साथ दीर्घकालीन, अल्पकालीन र तत्कालीन कार्यक्रम ल्याउने प्रक्रिया शुरु गरेको प्रसङ्ग उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले जनताका बढ्दो माग र सुविधालाई सम्बोधन गर्ने क्रममा पछिल्ला दिनमा भइरहेको तीव्र बसाइँसराइलगायत कारण आउनसक्ने चुनौतीबारे अब सोच्नुपर्ने बेला आएको बताएकी छिन् । उनले राज्यको महत्वपूर्ण क्षेत्रको नेतृत्व गरिरहँदा राजनीतिक दललाई पनि त्यही सुझाव दिने बताइन् । विकासको परिभाषामा पनि हामीले समय अनुकूल सोच्नु पर्ने उनको तर्क छ । अहिलेको नयाँ पुस्ता अलि तीव्रगतिमा विकास चाहन्छ । पहिलाको जस्तो अवस्था छैन, त्यसतर्फ पनि जिम्मेवार पक्षको ध्यान जान आवश्यक रहेको उनको तर्क छ । मुलुकमा राजनीतिक स्थिरता नहुनुमा निर्वाचन प्रणालीको दोष नरहेको बताउँदै उनले व्यक्ति विशेषका मनको कुरामात्रै हो । धेरै पार्टीले जिते, त्यसमा के बिग्रियो त ? जसले जिते पनि नेपाली नै जित्ने हो । पाँच वर्षसम्म दलले मिलेर गए पनि हुन्छ भन्ने मान्यतासँगै देशको विद्यमान विकासको ढाँचासहित शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार जरुरी भएको बताइन् । मुलुको नेतृत्व गरिसकेकी भण्डारीको यी गहन राजनीतिक एजेण्डाहरु राष्ट्रका लागि बाँकी समय समर्पित गर्दा ढिलो चाँडो राजनीतिमा आगमन देखिने संकेत छ र त एमालेका नेताहरु आउनु हुन्न भन्न थालेको पनि हुनसक्छ !

# तीर्थरामलाई सम्झनुपर्ने यसकारण



दामोदर गौतम

सरल जीवन नै सादा जीवन हो । सरल जीवन सरस हुन्छ र यसले नै जीवनलाई सुन्दर बनाउँछ । उच्च विचारले मानिसलाई दैनिक कर्तव्यबोध गराई कर्तव्य परायण बनाउने मात्र होइन, जीवनलाई सरल ढङ्गबाट जिउने कला पनि सिकाउँछ । विश्वका धेरै आदर्श विद्वान, दार्शनिकहरु जस्तै राजनीति र सामाजिक क्षेत्रमा लागेका कतिपय व्यक्तिले पनि यही बाटोलाई पछ्याएका हुन्छन् । हाम्रै समाजमा पनि कतिपय यस्ता मानिस छन्, जसले राजनीतिलाई नाम र दाम कमाउने माध्यम नबनाएर जनताको सेवालाई नै केन्द्रमा राखेर साधारण जीवनयापन गरिरहेका छन् । यस्तै व्यक्ति हुनुहुन्थ्यो तीर्थराम डङ्गोल ।

उनै डङ्गोल आज हामीबीच हुनुहुन्न । जीवनको अन्तिम घडीसम्म पनि उहाँको निष्ठा र स्वाभिमानमा कुनै दाग लागेन । लामो समयदेखि प्रोष्टेज क्यान्सर र मिर्गौलाको उपचार गराइरहेका उहाँको सिनामङ्गलस्थित केएमसी अस्पतालमा यही वैशाख १३ गते निधन भएको थियो । नेपालको लोकतान्त्रिक आन्दोलनका एक अथक योद्धा, सरल र शालिन व्यक्तित्वका पर्याय हुनुहुन्थ्यो उहाँ । सादा जीवन र उच्च विचारका पर्याय मानिनु हुने उहाँका तिनै गुणहरुले नै उहाँ◌ँलाई जीवन्त तुल्याउनेछ । २०२६ सालमा त्रिचन्द्र कलेजमा भर्ना भएदेखि नै मैले उहाँलाई चिन्ने र सङ्गत गर्ने अवसर पाएँ । उहाँभन्दा म उमेर र पढाइले 'सिनियर' भएका कारण उहाँ मलाई दाजुको रुपमा हेर्नुहुन्थ्यो । मैले नै उहाँलाई नेपाल विद्यार्थी सङ्घमा लाग्न प्रेरित गरेको थिएँ◌ँ । उहाँ विद्यार्थी सङ्गठनमा लागेदेखि नै जुझारु हुनुहुन्थ्यो । २०३४ सालमा उहाँ नेवि सङ्घको काठमाडौँ जिल्ला सभापति बन्नुभयो । पछि नेपाली कांग्रेस काठमाडौँको कोषाध्यक्ष र जिल्ला सभापतिको जिम्मेवारी कुहलतापूर्वक निर्वाह गर्नुभएको थियो ।

विसं २०४३ सालमा भएको स्थानीय निर्वाचनलाई पार्टीले उपयोग गर्ने नीति बनायो । स्थानीय तहलाई कब्जामा नलिएसम्म केन्द्रीय सरकारलाई कमजोर बनाउन सजिलो हुँदैन भन्ने सोचले नै सो चुनावको उपयोग गर्ने नीति लिइएको थियो । काठमाडौँलगायत विभिन्न जिल्लाका स्थानीय तहमा कांग्रेस समर्थक नेता कार्यकर्ताले चुनावमा भाग लिएका थिए र अधिकांश स्थानमा विजय पनि भएका थिए । त्यतिबेला काठमाडौँ नगर पञ्चायतमा मैले नै हरिबोल भट्टराईलाई प्रधानपञ्च र डङ्गोलजीलाई उपप्रधानपञ्चमा उम्मेदवार बनाउन प्रस्ताव गरेको थिएँ◌ँ ।

चुनाव वैशाख–जेठतिर हुन गइरहेको थियो । गणेशमानजीले एकदिन मलाई बोलाएर हरिबोलजी त बोल्न प्रखर हुनुहुन्छ तर तीर्थरामजीले कसरी जनतालाई 'कन्भिन्स' गर्नुहोला भनेर भन्दा मैले जातीय सन्तुलन मिलाउन र युवाको आकर्षणका लागि तीर्थरामजी सक्षम हुनुहुन्छ भनेर आश्वस्त तुल्याएको थिएँ । नभन्दै लैनचौरमा आयोजित चुनावी सभालाई उहाँले गर्नुभएको भाषणले निकै ताली पायो । सम्बोधनमा उहाँले गाईजस्तै पवित्र र हवाइजहाज जस्तै तेज गतिमा विकासका कामलाई अगाडि बढाउने भनेर भन्नुभएको थियो । गाई हरिबोलजीको चुनाव चिन्ह थियो भने हवाइजहाज तीर्थरामजीको चुनाव चिन्ह । पछि यो भाषणको चर्चा गणेशमानजीले पनि थाहा पाउनु भएछ, मलाई बोलाएर तपाइँको उम्मेदवार छनोट राम्रो लाग्यो भन्नुभएको थियो । निर्वाचनमा उहाँहरु दुवैजना विजय हुनुभयो ।

विसं २०१९ पुस १ मा शाही घोषणाबाट २०१५ सालको संविधानलाई खारेज गरी नेपालको संविधान, २०१९ जारी गरियो, जहाँ सम्पूर्ण अधिकार राजामा थियो । प्रजातन्त्र अपहरण भएको पुस १ गतेलाई नेपाली कांग्रेसले कालो दिनको रूपमा मनाउने भनेको थियो । त्यसैदिन संविधान दिवस मनाउने पञ्चायती सरकारको निर्णयलाई प्रजातन्त्रवादीले मान्ने कुरा भएन । हरिबोल र तीर्थरामजीले पनि संविधान दिवसलाई बहिस्कार गर्नुभयो । त्यसवापत उहाँहरु दुवैलाई पक्राउ गरी जेल चलान गरियो । उक्त व्यवस्थाको विरोध गरेकाले उहाँहरु निलम्बनमा पर्नुभएको थियो । हरिबोल झण्डै आठ–नौ महिना जेल बस्नुभयो भने तीर्थरामलाई करिब एक वर्ष जेलमा राखियो । पार्टीका शीर्ष नेताले वहिस्कार नगरी बिरामी परेको बहाना बनाउन सल्लाह दिंदा पनि उहाँहरुले घोषणा गरेरै बहिस्कार गर्नुभएको थियो । यसरी उहाँमा पद र सत्ताको कुनै लोभ थिएन, प्रजातन्त्रका अगाडि अरु कुरा गौण हुन्थ्यो ।

जनमत सङ्ग्रह, सत्याग्रमा पनि उहाँको सक्रिय सहभागिता रहेको थियो । २०४६ सालको आन्दोलनमा पनि उहाँ निकै सक्रिय रहनुभयो । २०५६ सालमा भएको आम निर्वाचनमा उहाँ काठमाडौँको तत्कालीन क्षेत्र नं ७ बाट विजय हुनुभयो । निरङ्कुश राजतन्त्रको अन्त्य र लोकतन्त्र बहालीका लागि भएको ऐतिहासिक जनआन्दोलन २०६२–६३ मा काठमाडौँ जिल्लाका सभापतिको हैसियतले काठमाडौँ जिल्लाबाट उहाँले जनआन्दोलनको नेतृत्व गर्नु भएको थियो । उहाँ २०६४ मा संविधानसभाको सदस्य हुनुहुन्थ्यो । यसैबीच उहाँ एकपटक स्वास्थ्य राज्यमन्त्री पनि बन्नुभयो । नेपालमा लोकतन्त्र स्थापना र पुनस्थापना तथा विभिन्न सङ्घर्ष र आन्दोलनका क्रममा उहाँले पटक–पटक जेल जीवनसमेत बिताउनु भएको थियो । स्वर्गीय डङ्गोलले पार्टीका विभिन्न पदमा रहेर कुशलतापूर्वक जिम्मेवारी निर्वाह गर्नु भएको थियो । लोकतन्त्रको रक्षा र ऐतिहासिक आन्दोलनमा उल्लेखनीय योगदान पु¥याएका व्यक्तिलाई गणेशमान शहीद स्मृति शान्ति प्रतिष्ठानद्वारा प्रदान गरिने स्वर्ण पदकले उहाँ सम्मानित हुनुभएको थियो ।

उहाँलाई स्मरण गरिरहँदा २०३४ सालमा काठमाडौँको जैसीदेवलमा भएको बम विष्फोटको घटना पनि सम्झनलायक हुन्छ । यस घटनालाई प्रयागसिंह बम काण्ड पनि भन्ने गरिन्छ । प्रयागजी पहिला कांग्रेसकै हुनुहुन्थ्यो, स्नातकको तर्फबाट सांसद मनोनयन हुनुभएका उहाँ पछि पञ्चायतमा लाग्नुभयो । त्यतिबेला पार्टीले सरकारका मन्त्री सहभागी भएका कार्यक्रम भाँड्ने नीति लिएको थियो । प्रयागजी झण्डा हालेर जैसीदेवल नजिकै टोलमा कार्यक्रममा गएर फर्किंदै हुनुहुन्थ्यो, त्यही क्रममा शिवप्रसाद बराल (उहाँलाई उपनाम शिव कङ्काल भनेर चिनिन्थ्यो)सहितका साथीहरुले मन्त्रीको गाडीलाई लक्षित गरी बम प्रहार गरे । गाढीमा साभान्य क्षति भएपनि उहाँलाई केही भएको थिएन । पार्टीका शीर्ष नेताको निर्देशनमै वनारसबाट बम झिकाई पड्काइएको थियो । त्यस घटनामा आशंका लागेका भन्दै प्रहरीले जैसीदेवल टोलका धेरैलाई पक्राउ ग¥योमा मसहित उहाँलगायत धेरै साथीलाई प्रहरीले पक्राउ ग¥यो । स्थानीय एक युवकले बम पड्केको आफूले सुनेको र यसबारेमा आफूले तीर्थरामलाई भनेको भन्ने वयानको आधारमा उहाँलाई पक्राउ गरियो । म धादिङमा भएको भएपनि नेता भएका कारण मलाई पनि पक्राउ गरियो । केही समय हामीसँगै जेलमा बस्यौँ ।

बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादलाई शीर्षस्थानमा राखेर राजनीतिमा होमिएका डङ्गोल कहिल्यै विचलित हुनु भएन । राजनीतिमा विजय र पराजयलाई सामान्य रूपमा लिने उहाँ पराजयबाट कहिल्यै अताल्लिनु भएन । झण्डै छ दशक लामो निष्ठाको राजनीतिक यात्रामा रहेका उहाँसँग जीवनभरको सम्पत्ति भनेकै निर्दाग चरित्र, पारदर्शिता, शान्त स्वभाव र दृढ आत्मविश्वास नै थियो◌ । समाजवादी जीवनशैली, आचरण, बेदाग चरित्र आदर्शभाव नै उहाँको परिचय बनेको छ । नेपाली राजनीतिमा जुझारू नेताका रुपमा चिनिनुहुने उहाँले कांग्रेसका सिद्धान्तलाई सधैँ आत्मसात गरिरहनुभयो ।

राजधानीको साधारण परिवारमा जन्मे हुर्केर राजनीतिलाई समाजसेवाको पर्याय ठान्नुहुने उहाँ त्याग, समर्पण, निष्ठा र सरल अनि सादगी जीवनका लागि कहिँकतै चुक्नु भएन । पछिल्लो समय राजनीतमा मौलाउँदो नातावाद, भ्रष्टाचार र विलासी जीवनले उहाँलाई कहिल्यै छोएन । साधारण पहिरन, सादगी भोजन र सबैसँग आत्मिय व्यवहार गर्नसक्ने उहाँको जीवनशैली देख्ने सबैले उदाहरणको रुपमा लिने गर्दछन् । जननायक वीपी कोइरालाको आदर्श भनेकै राजनीति देश र जनतामुखी हुनुपर्छ भन्ने थियो । तर आज हरेक राजनीतिक पार्टीका नेताहरुमा आफू केन्द्रित प्रवृत्ति हाबी भएर गएको छ । यस्तो बेलामा पनि उहाँले वीपीको त्यो आदर्शलाई बचाइराख्नु भएको थियो । मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भए पनि दलका नेतामा असलभन्दा हाम्रा मान्छेको खोजी गर्ने मनस्थिति कायम गरेको अवस्थामा काठमाडौँ जिल्ला पूर्वसभापति डङ्गोलले समूह, नातावाद र कृपावादबाट माथि उठ्न शीर्षनेतालाई पटक–पटक सचेत गराएको स्मरण गराउँदै आउनु भएको थियो ।

विसं २००४ सालमा काठमाडौँको साधारण किसान परिवारमा जन्मनुभएका उहाँ जीवनपर्यन्त साधारण भएरै रहनुभयो । घरमा गाईपालन गरी दूध बिक्री गरेर परिवार चल्दै आएको थियो । कलेज पढ्न आउँदा होस् वा पछिसम्म राजनीतिक कार्यक्रममा आउँदा पनि एउटै साधारण पहिरनमा देखिनुहुन्थ्यो । उहाँको निधनले निष्ठाको अविरल राजनीतिक यात्राको एउटा यात्रुको सङ्ख्या मात्र घटेन, समाजलाई निष्ठा, इमान्दार र सादगी जीवनको उदाहरणको दीप पनि निभ्यो । उहाँको निधनबाट नेपाली कांग्रेस पार्टीले एक निष्ठावान कार्यकर्ता मात्रै गुमाएन सरल र सादगी जीवनका एक प्रेरणादायी राजनीतिज्ञ पनि गुमाएको छ । उहाँले नेपालको लोकतान्त्रिक आन्दोलनमा निर्वाह गर्नु भएको नेतृत्वदायी भूमिका पार्टीमा सदा स्मरणीय रहिरहनेछ । उहाँले सल्काएर राख्नुभएको निष्ठाको दियो निभ्न नदिनु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जलि हुनेछ । रासस

# बेपत्ता परिवारको आँखामा अझै ओभाएनन् आँसु

नातिबाबु धिताल

दशवर्षे हिंसात्मक द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरुबाट बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरु घर फर्केर आउछन् भन्ने आशामा बसेका आफन्तहरुले दुई दशक भन्दाबढी समय पर्खिदा पनि उनीहरुको आँखामा आँसु ओभाउन सकेन ।

साविक जेठल गाविस— ६ हाल लिसंखुपाखर गाउँपालिका— ५ की ७३ वर्षीया कालिमाया श्रेष्ठ बेपत्ता छोरीको पिरलो बोकेर अब बाँच्नै कठिन भएको बताउनु हुन्छ । बेपत्ता भएकी छोरीको पीरले सधै रोएरै दिन बितेको उनको गुनासो छ । छोरी १८ वर्षीया नक्कली श्रेष्ठलाई ०६० माघ २१ गते चौतारा जेलबाट राज्यको तर्फबाट बेपत्ता बनाइएको छ । '२०५९ फागुन १४ गते सेनाले पिस्करबाट गिरफ्तार गरी नौ महिना नजरबन्दमा राखेपछि रिहा हुने दिन सेनाले लिएर गएको भन्ने आफूले सुनेको,' मलिन अनुहार, मधुरो स्वरमा आँसु खसाल्दै कालिमायाले बताउनु भयो । नक्कली श्रेष्ठ सँगै अन्य चार जना पुरुषलाई पनि सेनाले जेलबाटै लिएर गएका थिए । सेनाले लगेका सबै हालसम्म बेपत्ताकै अवस्थामा छन् ।

त्यसैगरी साविक बतासे गाविस–४ हाल चौतारा साँगाचोकगढी नपा— २ की अनिता बस्नेतको पनि त्यस्तै पीडा छ । अनिता बस्नेतको पति गेदबहादुर बस्नेतलाई २०५९ फागुन २३ गते काठमाडौँबाट घरतर्फ आउनलाग्दा तत्कालिन विद्रोही पक्षले फुल्पीङकोटबाट लिएर गएकोमा हालसम्म फर्केका छैनन् । 'अब म एक घण्टामा घर आइपुग्छु, खाना पकाएर राख्नु, अहिले बलेफी बजार आइपुगेँ भन्नुभएको थियो, यो नै पतिको अन्तिम बोली थियो◌े' अनिताले आँखाबाट आँसु बगाउदै बताउनु भयो । बस्नेत नेपाली सेनामा कार्यरत थिए ।

साविक सिन्धुकोट गाविस–५ हाल मेलम्ची नपा–५ की रेणुका भट्टराई बेपत्ता पतिको वियोगमा रोएरै बसेकी छन् । उनका पति २९ वर्षीय केशव भट्टराईलाई ०६० मङ्सिर २४ गते घरबाट काठमाडौँ जानलाग्दा तत्कालिन शाही नेपाली सेनाले काठमाडौँको साँखुस्थित बज्रयोगिनीबाट माओवादीको आरोपमा गिरफ्तार गरी लगेकोमा उनी हालसम्म फर्केर घर आएका छैनन् । काठमाडौँ शहरमा गएर घरपरिवारको लागि आवश्यक खर्च कमाई गरेर छिट्टै घर फर्कुला भनेर जानुभएको पति अहिलेसम्म घर फर्कनु भएन, रेणुका भट्टराईले बताउनु भयो । बेपत्ता भएका केशव भट्टराई तत्कालिन समयमा माओवादीका समर्थक थिए ।

साविक कुविण्डे गाविस—७ हाल चौतारा साँगाचोकगढी नपा—४ की ७५ वर्षीया तुलसाकुमारी नेपाल पनि बेपत्ता छोराको खोजिका लागि विभिन्न निकायमा भौंतारिइन तर पनि न्याय नपाएको तुलसा कुमारी नेपालको गुनासो छ । 'दुई दशक भन्दा बढी समय बित्यो, न लाश छ न सास छ, खबरसम्म पाइन ।' तुलसाकुमारीको भनाइ छ । तुलसा कुमारीको कान्छो छोरा २१ वर्षीय माधव नेपाल (अखिल) क्याम्पस पढ्न काठमाडौँ गएका बेला २०६० मङ्सिर १२ गते काठमाडाँ◌ै महानगरपालिका–३५ कोटेश्वरबाट तत्कालिन शाही नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरी लगेकोमा हालसम्म घर फर्केका छैनन् । बेपत्ता अखिल नेपाल तत्कालिन समयमा अखिल क्रान्तिकारी विद्यार्थी संगठनमा आवद्ध थिए ।

फुल्पीङकोट गाविस–३ हाल बलेफी गाउँपालिका–३ कल्लेरीकी ६६ वर्षीया सुन्तली नेपाल पनि बेपत्ता पति फर्केर घर आउनुहुन्छ भन्ने अझै आशामा हुनुहुन्छ । 'पति बेपत्ता भएको धेरै समय बित्यो, तर आँखाको आँसु कहिल्यै सुकेन ।' पति सीताराम नेपाल रुपन्देही जिल्लाको प्रहरी कार्यालयमा कार्यत हुनुहुन्थ्यो । प्रहरी सेवामा कार्यरत रहेकै अवस्थामा ०५९ वैशाखमा उहाँलाई रुपन्देही बजारबाट तत्कालिन नेपाली सेनाले लिएर गएकोमा हालसम्म बेपत्ता भएको परिवारको भनाइ छ ।

हिंसात्मक सशस्त्र द्वन्द्वको अवधिमा राज्य र नेकपा (माओवादी) पक्षबाट तीन जना महिला सहित २३ जना सिन्धुपाल्चोक जिल्लाका नागरिकहरुलाई बलपूर्वक बेपत्ता बनाएको अभिलेख इन्सेकसँग छ । बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरुको अवस्था हालसम्म अज्ञात नै छ । बेपत्ता भएका आफन्त घर फर्केर आउछ भन्ने आशा अझै आफन्त परिवारहरुमा छ । त्यही आशा बोकेर आफन्त फर्कने बाटो हेर्दै बसेका छन् बेपत्ताका परिवार ।

आफन्त बेपत्ता भएको पीडाले सधै रोएर बसेका उनीहरूका परिवार अझै न्याय पाउने आशामा छन् । पति बेपत्ता हँ◌ुदा पत्नीलाई र छोरा बेपत्ता हुँदा आमालाई ठूलो बज्रपात हुने रहेछ, पीडाको अनुभव सुनाउदै कुबिण्डेकी तुलसा कुमारी नेपालले बताउनु भयो । दशबर्षे हिंसात्मक द्वन्द्वको अवधिमा राज्य र तत्कालिन विद्रोही नेकपा (माओवादी) बाट बेपत्ता परिएका सिन्धुपाल्चोक जिल्लाका २३ व्यक्तिका परिवारका सदस्यहरुको दैनिकी र पिरलो यसरी रोएरै बितेको छ । आफ्ना छोरा, पति, दाजु, भाई, बुबा जो बेपत्ता भएका छन् उनीहरुलाई किन बेपत्ता पारियो ? कहाँ लगियो ? कस्तो अवस्थामा राखिएको छ ? कसरी र कस्ले सार्वजनिक गरिदिने हो ? यही कुराको पिरलो बेपत्ता परिवारमा छ । बेपत्ता परिवारको पीडा सुन्दा आङ सिरिङ्ग हुन्छ तर बेपत्ता परिवारको पीडा सुनिदिने यो देशमा कोही भएन ।

द्वन्द्वमा मारिएका मानिसको त सदगत्, काजकिरिया भइसक्यो । तर हाम्रा बेपत्ता भएका व्यक्तिहरुलाई कहाँ के अवस्थामा राखिएको छ ? कुनै पत्तो छैन । इन्द्रावती गाउँपालिका– ४ का मानबहादुर श्रेष्ठ भन्नुहुन्छ, 'हाम्रो पहिलो माग कि लाश कि सास देउ भन्ने हो ।' श्रेष्ठका बुबा ७५ वर्षीय धनबहादुर श्रेष्ठलाई २०५८ चैत २६ गते घरमै बसेको अवस्थामा तत्कालिन शाही नेपाली सेनाले लिएर गएकोमा हालसम्म घर नफर्केको परिवारको भनाइ छ ।

२०६२ साल यताका बडा दशैँको रातो टीका आँसुले मुछिएको बताउछिन् पिपलडाँडा–२ की बेपत्ताकी पत्नी सीता बस्नेत । उनका पति कृष्णबहादुर बस्नेतलाई ०६१ फागुन १३ गते नेकपा (माओवादी) ले अपहरण गरी लगेकोमा हालसम्म बेपत्ता छन् । उनी प्रहरी सेवामा कार्यरत थिए । उनीहरुको जस्तै पीडा सहेर बसेकी छिन् बलेफी गाउँपालिका— ३ की लक्ष्मी न्यौपाने । लक्ष्मी न्यौपाने भन्नुहुन्छ, '२०६० साल यता हाम्रो घरमा कहिल्यै खुशी छाएन । हाम्रो खुशी सशस्त्र द्वन्द्वले भताभुङ्ग पारेर लग्यो ।' लक्ष्मी न्यौपानेका पति बिष्णुप्रसाद न्यौपानेलाई तत्कालिन शाही नेपाली सेनाले बेपत्ता बनाएका हुन् । राति कसैले घरको ढोकामा ढक्ढकायो भनेपनि आफ्नै पति आएको पो हो कि भनेजस्तो लाग्ने लक्ष्मी बताउनु हुन्छ ।

नेपालमा बेपत्ता पार्नेक्रम पञ्चायतकालदेखि भएको भएपनि २०५२ सालयता माओवादी सशस्त्र द्वन्द्वको समयमा धेरै घटनाहरु भए । तत्कालिन नेकपा (माओवादी) र सात राजनीतिक दलबीच भएको सातबँ◌ुदे सहमतिदेखि नेपालको अन्तरिम संविधानसम्म भएका हरेक समझदारी तथा सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिकहरुको सत्यतथ्य सार्वजनिक गर्ने उल्लेख छ । नेपाल सरकार र नेकपा माओवादी बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको समयमा बेपत्ता पारिएका नागरिकहरुको जानकारी ६० दिन भित्र सार्वजनिक गर्ने उल्लेख छ । तर शान्ति सम्झौता भएको १९ वर्ष पूरा हुनलाग्दा पनि बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको स्थिति सार्वजनिक हुन सकेको छैन ।

बेपत्ता भएका आफन्तको अवस्था सार्वजनिक गर्न माग गर्दै बेपत्ता परिवारले जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समिति, मानव अधिकार आयोग, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, बेपत्ता आयोग, विभिन्न मानव अधिकार संघसस्थाहरु, पत्रकार लगायतमा लिखित अनुरोध गरे पनि हालसम्म बेपत्ता व्यक्तिहरुको स्थिति सार्वजनिक नहुँदा बेपत्ता परिवारको पीडा सुनिदिने कोही नहुनु बिडम्वना भएको बताउनु हुन्छ इन्द्रावती गाउँपालिका–४ का मानबहादुर श्रेष्ठ । बेपत्ता पारिएका व्यक्तिहरुको स्थिति सार्वजनिक गर्न राज्यपक्ष र माओवादी दुवैपक्ष गम्भीर भएको देखिएन । बरु सरकारमा पुग्दा आममाफी दिने प्रावधान नेकपा (माओवादी) पक्षबाट प्रस्ताव आउनु बेपत्ता परिवारहरुको अपमान भएको बेपत्ता परिवारको गुनासो छ । (इन्सेक)

# बाबुआमालाई वृद्धाश्रममा राख्ने होइन, सन्तानसँगै बस्ने संस्कारको विकास गर्नुपर्छः राष्ट्रियसभा सदस्य बस्नेत



**काठमाडौं ।** सङ्घीय संसद्, राष्ट्रियसभाका सांसद गोपालकुमार बस्नेतले राज्यले ज्येष्ठ नागरिकलाई संरक्षण गर्नेभन्दा पनि उनका सन्तानलाई आफ्ना बाबुआमाप्रतिको जिम्मेवारी पूरा गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन । विसं २००२ असोज ९ गते इलामको साँखेजुङमा बुबा तुङ्गबहादुर र आमा पूर्णकुमारी बस्नेतको जेठो पुत्रका रुपमा गोपालकुमार बस्नेतको जन्म भएको हो ।

नेपाली कांग्रेस, झापा जिल्लाबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सांसदले बस्नेतले भने, ‘सरकारले ज्येष्ठ नागरिकको निम्ति अहिले जुन जुन सुविधा दिएको छ, त्यो ठिकै पनि छ, तर पहिलो कुरा सबै सन्तानहरु आफूलाई जन्मदिने बाबुआमाप्रति जिम्मेवार हुनुपर्छ, आफ्नो दायित्व पूरा गर्ने वातावरण बनाउनुपर्छ ।’ ज्येष्ठ नागरिकको विषय सरकारले गम्भीरतापूर्वक लिने विषय भए पनि सामान्य रुपमा लिएको टिप्पणी गरे । ज्येष्ठ नागरिकले पाउने अधिकार उनीहरुले सहज रुपमा पाउनुपर्छ । सांसद बस्नेतसँग राससका समाचारदाता सुशील दर्नालले गरेका कुराकानीको सम्पादित अंश । ऐनमा ज्येष्ठ नागरिकले आफूमाथि कुनै पनि किसिमको अन्याय, अत्याचार, दुर्व्यवहार वा हिंसा भएमा गाउँपालिका वा नगरपालिकाको न्यायिक समितिमा उजुरी गर्न सक्नेछन् । न्यायिक समितिबाट उनीहरूको मुद्दा सम्बोधन नभएको खण्डमा जिल्ला अदालतमा उजुरी दिन सक्नेछन् पनि भनिएको छ ।

ज्येष्ठ नागरिक (पहिलो संसोधन) ऐन, २०७९ मा यदि कसैले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा कसुर हेरी रु १० हजारदेखि पाँच लाख नगदसम्म जरिवाना हुने र तीन महिनादेखि पाँच वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरिए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । बाबुआमालाई वृद्धाश्रममा राख्ने होइन, सन्तानसँगै बस्ने संस्कारको विकास गर्नुपर्छ । ज्येष्ठ नागरिक सेवा, सुविधा र कार्यक्रमअन्तर्गत अहिले ६८ वर्ष माथिकालाई ज्येष्ठ नागरिक भत्तास्वरूप रु चार हजार वितरण भइरहेको छ । कर्णाली क्षेत्र, दलित, लोपोन्मुख वर्गका ज्येष्ठ नागरिकलाई उक्त भत्ता ६० वर्षमै दिने गरेको छ । यो कुरा आफैँमा राम्रो छ । छोटो दूरीका यातायातमा ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था छ । साठी वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई स्वास्थ्योचारमा ५० प्रतिशत छुटको व्यवस्था छ । तर यस्को व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । सत्तरी वर्ष माथिकालाई जटिल रोग (क्यान्सर, आङ खस्ने, अल्जाइमर्स÷पार्किन्सन, मिर्गौला र मुटु रोग)को उपचारमा एक लाख छुट रहेको छ । यसैगरी ७५ वर्ष माथिकालाई मिर्गौला र मुटु रोगको निःशुल्क उपचारको व्यवस्था छ । यसको पनि व्यवहारिक रुपमा कार्यान्वयन हुन जरुरी छ । ज्येष्ठ नागरिकलाई कानुनमा सुविधा दिइएको छ । तर व्यवहारमा छैन । स्वास्थ्य उपचारमा ५० प्रतिशत छुटको कुरा गरिएको छ । तर गाउँमा अस्पताल छैन । बूढाबूढी सहरसम्म आउन सक्ने अवस्था छैन । गाउँमा डाक्टरको पनि अभाव छ । मेरो संसद्को अभ्यास पहिलो हो । संसद्मा आएको ढाइ वर्ष मात्रै भयो । संसद्मा सबै जातजाति, भाषाभाषी, समुदायलगायत सबै क्षेत्र र भूगोलको प्रतिनिधित्व हुने ठाउँ रहेछ । संसद्मा सबै सांसदले आफ्नो निर्वाचन क्षेत्र, क्षेत्र, जातीय समुदायको सवालमा सरकारको ध्यानाकर्षण गराउने काम त हुनेनै भयो । साथसाथै विभिन्न क्षेत्रको विकासको विषय पनि संसद्मा उठ्ने नै भयो । तर संसद्मा उठाएका जनताका सवालमा सरकारले कार्यान्वयन गर्न सकेको छैन । संसद्मा रहँदैगर्दा कानुन बनाउने विषयमा पनि अध्ययन गर्ने मौका पनि हुनेरहेछ । कानुन बनाउनुका लागि नयाँ पुराना ऐन÷कानुन अध्ययन गर्ने अवसर पनि हुँदोरहेछ । भिन्नभिन्न पार्टीबाट प्रतिनिधित्व गर्ने भए पनि सांसदबीच आपसी सद्भाव पनि हुँदोरहेछ संसद्मा । तर सरकार जनताप्रति उत्तरदायी भएकोजस्तो देखिँदैन । जनताका समसामयिक विषयमा सरकार गम्भीर छैन भन्दा पनि हुन्छ । यद्यपि संसद्, राष्ट्रिय सवाल, विकासको सवालमा गम्भीर नै छ । जस्तोसुकै गम्भीर विषयलाई पनि संसद्ले सरलीकरण गर्दै लैजाने काम गर्दै आएको छ । संविधान संशोधन गर्ने भनिएको छ, तर कुन विषयमा संशोधन गर्ने भन्ने विषय आएको छैन । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीलगायत सरकार गठनका क्रममा भएको सहमतिको पहिलो बुँदा नै संविधान संशोधन गर्ने भनिएको छ । तर कुन–कुन विषयमा संशोधन गर्ने भन्ने कुरा प्रष्ट आउन सकेको छैन । तर संविधान संशोधन गर्नुपर्छ भन्ने विषय विगतदेखि नै उठ्दै आएको हो । विशेष गरी राष्ट्रपति र प्रधानमन्त्रीको संविधान संशोधनको विषय उठेको छ । तर त्यस विषयमा गम्भीर छलफल भएको छैन । सुशासनको निम्ति जनताका प्रतिनिधि सांसदहरुले प्रतिनिधिसभा र राष्ट्रियसभामा उठाएका जनताका समसामयिक विषयलाई कार्यान्वयन गर्नुपर्छ । सङ्घीयता एकैचोटी बलियो वा सुध्रिण हुने विषय होइन । विस्तारै आफैँ बलियो हुँदै जाने कुरा हो । तै पनि सङ्घसंस्थालाई अझै बलियो बनाउने सवालमा प्रदेश र स्थानीय सरकारको पनि भूमिका हुन्छ । देशका सबै समस्याहरु एकैचोटीभन्दा पनि विस्तारै विस्तारै समाधान हुँदै जाने विषय हो । युवाहरुको लागि सरकारले देशभित्रै रोजगारी सिर्जना गर्न सक्नुपर्छ । त्यसका लागि देशभित्रै उद्योग, कलकारखाना खोल्नुपर्छ । उनीहरुलाई केही न केही काम दिन सक्नुपर्छ सरकारले । अर्को कुरा, नेपालका युवा मात्रै होइन, अल्पविकसित देशका युवा विकसित देशमा रोजगारी वा अध्ययनका लागि जाने टे«न नै चलेको छ । अहिले ग्लोबलाइजेशन पनि भएको छ । मान्छे विश्वलाई आफ्नो घर बनाइरहेको छ । तर सकेसम्म सरकारले नेपालमा गुणस्तरीय शिक्षा दिन सक्नुपर्ने हो । देशभित्रै बस्ने वातावरण बनाउनुपर्ने हो । रासस

# ‘पहुँच र भनसुनका आधारमा रोजगारी पाउने भाष्य अन्त्य गरिने’



**काठमाडौँ ।** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले ‘श्रम संसार’ पोर्टलले पहुँच र भनसुनको भरमा रोजगार पाउने भाष्यको अन्त्य गर्ने बताएका छन ।

१३६औँ अन्तरराष्ट्रिय श्रमिक दिवसको अवसरमा बिहिवार मन्त्रालयले ‘श्रम संसार’ पोर्टलको शुभारम्भ कार्यक्रममा उनले युवाहरूले आफ्नो योग्यता र क्षमताका आधारमा मुलुकको जुनसुकै ठाँउमा बसेर रोजगारी गर्न सक्ने बताए । ‘पहुँच र भनसुनले रोजगारी पाइन्छ भन्ने भाष्य चिर्दैछौँ । अब योग्यता र क्षमता भएका नागरिकले सहजै रोजगारी पाउने अवस्था सृजना भएको छ’, उनले भने ।

मन्त्रालयले निर्माण गरेको उक्त पोर्टलको प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल माध्यमबाट शुभारम्भ गरेका थिए । कार्यक्रममा मे दिवसको शुभकामना आदानप्रदान गर्दै मन्त्री भण्डारीले स्थानीय तहबाट सबै प्रकारका श्रम तथा रोजगारसम्बन्धी सेवासुविधा प्रदान गर्न अभियान सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे ।

‘यो पोर्टल आजदेखि सुरुआत भएको छ । सबै स्थानीय तह र श्रमिकसँग मोबाइल एप्लिकेसनमार्फत यसको पहुँच पुग्नेछ । योसँगै स्थानीय तहबाट सबै प्रकारका श्रम तथा रोजगारसम्बन्धी सेवासुविधा प्रदान गर्न मन्त्रालयले अभियान सञ्चालन गर्नेछ’, उनले भने ।

सरकारले घोषणा गरेको ‘आन्तरिक रोजगार प्रवद्र्धन दशक’ लाई प्रभावकारी कार्यन्वयन गर्न श्रम संसार पोर्टलले श्रम बजार सूचना प्रणालीमा सहयोगी पु¥याउने मन्त्री भण्डारीले विश्वास व्यक्त गरे ।

सरकारका मुख्य सचिव एकनारायण अर्यालले आन्तरिक रोजगार प्रवद्र्धनमा यस पोर्टलको महत्त्वपूर्ण र सहयोगी भूमिका निर्वाह गर्ने बताउँदै यसलाई सफल बनाउन तीनै तहका सरकारले अपनत्व ग्रहण गर्नुपर्नेमा जोड दिए ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको नेपालस्थित कार्यालयका निर्देशक नुमान ओज्कानले श्रम संसार पोर्टलमा अन्य सरोकार भएका पक्षसँगै रोजगार खोजकर्ताको विश्वास कायम राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

श्रम संसार पोर्टल के हो ?

यो श्रम बजारसम्बन्धी सूचना प्रणाली श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्माण गरेको आधिकारीक सूचना प्रवाह गर्ने एउटा सामाजिक सञ्जाल हो । मन्त्रालयका अनुसार श्रम संसार राष्ट्रिय श्रम बजारमा रहेका रोजगारी, तालिम तथा उद्यमशीलताका अवसरको सूचना सहजै उपलब्ध गराउने उद्देश्यका साथ निर्माण गरिएको एक सूचना प्रणाली हो ।

यस प्रणालीमा तीनै तहका सरकार, रोजगार खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक, स्वरोजगार, तथा श्रम बजारका अन्य सरोकार भएका निकायसमेत आवद्ध रहने भएकाले श्रम बजारसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी प्राप्त गर्न सकिने छ ।

यस पोर्टल सङ्घ तथा प्रदेश सरकारको समन्वयमा हरेक स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत सञ्चालन हुनेछ । यसको प्रयोगले देशभर रहेका रोजगारीका अवसरबारे जानकारी लिई सहिजै आवेदन दिन सकिने मन्त्रालयले जानकारी दिएको छ । सीपमूलक तालिमबारे जानकारी लिन तथा सजिलै आवेदन दिन सकिने र स्वरोजगारसमेतले आफ्नो सीपको विज्ञापन गर्न सक्ने यस पोर्टलको विशेषता हो । पोर्टलमा निःशुल्क दर्ता तथा सञ्चालन प्रक्रियाको व्यवस्था गरिएको छ । श्रम बजार सम्बन्धित नीति, नियम तथा जानकारी पोर्टलमा उपलब्ध हुनेछ । मन्त्रालयले यसको सहज पहुँचका लागि यही वैशाखभित्र ‘आइओएस’ र ‘एन्ड्रोइड’ दुवैमा उपलब्ध मोबाइल एपस्को सुरुवात गर्ने जनाएको छ । रासस

पोर्टल सञ्चालन, अन्तरतह समन्वय तथा निजी क्षेत्रको आवद्धता सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध मिलाउने विषयमा भएका आगामी योजनाका बारे पनि मन्त्रालयले जानकारी दिएको छ । यसअघि सन् २०२३ मा कोशी प्रदेशमा विकास गरी प्रारम्भिक रूपमा विराटनगर, इटहरी र दुहबी नगरपालिकामा परीक्षण गरिएको थियो ।

छोटो समया उल्लेखनीय सफलता हासिल गरेको भन्दै कोशी प्रदेशका एक सय ३७ वटै स्थानीय तह यस प्रणालीमा आवद्ध भएका थिए । देशभरका सात सय ५३ वटै स्थानीय तहलाई श्रम संसार पोर्टमा समेट्न मन्त्री भण्डारीको अग्रसरतामा प्राविधिक समितिले काम गरेको थियो ।

मन्त्रालय र स्वीसकन्ट्याक्टबीच गत मार्च १० मा सम्पन्न पाँचौँ राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनका अवसरमा ‘श्रम संसार’ प्रणालीलाई देशव्यापी रूपमा विस्तार गर्ने साझेदारीमा हस्ताक्षर भएको थियो । रासस

# प्रधानमन्त्रीद्वारा समृद्धिको यात्रामा सहभागी हुन सबैलाई आह्वान

**काठमाडौँ ।** प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको समृद्धिको यात्रामा सहभागी हुन सबैलाई आह्वान गरेका छन । १३६औं अन्तरराष्ट्रिय श्रमिक दिवसको अवसरमा विहिवार आयोजित शुभकामना आदानप्रदान तथा श्रम संसार पोर्टलको शुभारम्भ कार्यक्रममा सरकारले आगामी दशकलाई आन्तरिक समृद्धि प्रवद्र्धनको दशक बनाउने भएकाले सबैको सहयोग र समन्वय गर्नुपर्ने बताए ।



सरकारले आगामी दशकलाई आन्तरिक समृद्धि प्रवद्र्धनको दशक बनाउन रणनैतिक कार्ययोजना निर्माण गरिरहेको बताउँदै प्रधानमन्त्री ओलीले मुलुकको समृद्धिको यात्रामा सहभागी हुन सबै निकाय, वर्ग, समुदाय, क्षेत्रलगायतलाई आह्वान गरे ।

अन्तरराष्ट्रिय श्रम दिवसको अवसरमा श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न र समाजवाद उन्मुख समृद्ध नेपालको संकल्पमा एकजुट हुन प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दै उनले मुलुको समृद्धिको यात्रामा सबै सहभागी हुनुपर्नेमा जोड दिए ।

‘सरकारले श्रम बजार सूचना प्रणाली निर्माण गर्ने काम अघि बढाएको छ, अब सूचनामा आधारित नीति तथा कार्यक्रम तर्जुमा गर्नेगरी काम अघि बढिसकेको छ’, प्रधानमन्त्री ओलीले भने, ‘सूचना प्रविधिको विकासका लागि केही चुनौतीहरू हाम्रा सामु देखा परेका छन् ।’

उनले स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण श्रमजीवी नेपालीमा शुभकामना व्यक्त गर्दै विश्व श्रमिक सङ्गठन (आइएलओ)ले सन् २०२५ ले तय गरेको ‘सेफ्टि एण्ड हेल्थ अफ वर्कर, डिजिटलाइजेसन एण्ड द फ्युचर अफ वर्क’ नारा नेपालका लागि पनि सान्दर्भिक रहेको बताए ।

‘आइएलओले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता नयाँ प्रविधिको प्रयोग गरी श्रमिकको स्वास्थ्य र सुरक्षामा गर्न सकिने विषय पनि अघि सारेको छ, आज इन्टरनेट र फोरजी सेवा व्यापक भएका छन’, प्रधानमन्त्री ओलीले भने, ‘उत्पादकत्व अभिवृद्धि गर्न हामीले सूचना प्रविधिको प्रयोगलाई व्यापकता दिँदै आएका छौँ, सूचना प्रविधिको विकास र प्रयोगका सम्बन्धमा हामीले गम्भीर ध्यान दिएका छौँ ।’

‘समृद्ध नेपाल, सुखी नेपाली’को लक्ष्य प्राप्तिमा सूचना प्रविधिको प्रयोग अत्यावश्यक भएको बताउँदै उनले ज्ञानमा आधारित समाज र डिजिटल अर्थतन्त्रको निर्माण, प्रविधिको उच्च प्रयोग गरेर विकास र समृद्धिका लक्ष्य प्राप्त गर्न, सबै नेपालीलाई सरल र सहज तवरले सेवा प्रवाह गर्न सूचना प्रविधिको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गरे ।

‘श्रम संसार प्रणाली श्रम तथा रोजगार सेवाको विनिमय प्रणाली हो‘, प्रधानमन्त्री ओलीले भने, ‘जसबाट श्रम तथा रोजगारका सम्बद्ध विषयको माग तथा आपूर्ति विश्लेषण, रोजगारीमा आवद्धता, रोजगारदाता संस्थाको नियमन, रोजगार सेवाको समतामूलक र पहुँचयोग्यता विस्तारमार्फत सङ्घीयताको लाभ जनस्तरसम्म पु¥याउन सहयोगी हुनेछ ।’

प्रधानमन्त्री ओलीले रोजगारदाता, श्रमिक र तालिम प्रदायकबीच समन्वयकारी भूमिका निर्वाह गर्न सहयोग गर्ने र राष्ट्रिय मानव संशाधन प्रणालीको अनुगमन, मूल्याङ्कन तथा विश्लेषणको आधार निर्माण गर्ने बताए ।

‘नागरिकमा श्रमको सम्मान गर्ने बानीको विकास हुनेछ भने र रोजगारदातालाई योग्य जनशक्तिको उपलब्धता सुनिश्चित हुनेछ’, उनले ओलीले भने, ‘जसले राष्ट्र निर्माणमा सहयोगी भूमिका निर्वाह गर्नेछ ।’ प्रधानमन्त्री ओलीले श्रम, रोजगारीका सबै अवसर आमनागरिकसम्म पुग्नुपर्ने र वैदेशिक रोजगारमा देखापरेका चुनौती नियन्त्रण गर्नुपर्नेमा जोड दिए ।

उनले श्रम बजारको विकास गर्न तालिम, उद्यमशीलताको विकास गर्न सहुलियतपूर्ण कर्जा सरकारले उपलब्ध गराउने बताउँदै सबै श्रम तथा रोजगार सेवालाई जनताको घरदैलोमा पु¥याउन श्रम मन्त्रालयले सुरुआत गरेको ‘श्रम संसार’ पोर्टल उल्लेख्य कार्य भएको धारणा राखे । यसलाई निकट भविष्यमा नागरिक एपमा आवद्ध गरी सम्पूर्ण जनतासँगको पहुँच अभिवृद्धि गर्न निर्देशन गर्ने प्रधानमन्त्री ओलीले प्रतिवद्धता व्यक्त गरे ।

‘जब सीपमूलक जनशक्ति रोजगारीमा जोडिन्छ समृद्ध नेपाल त्यतिबेला सम्भव हुन्छ’, प्रधानमन्त्री ओलीले भने, ‘सुखी नेपाली त्यतिबेला सम्भव हुन्छ, जतिबेला श्रमिकको कल्याण, महिलाको आत्मनिर्भरता र त्यसले निरन्तरता प्राप्त गर्दछ ।’ श्रम संसार यही राष्ट्रिय दृष्टिकोणको डिजिटल अभ्यास भएको भन्दै यसले सरकार, निजी क्षेत्र र जनतालाई जोड्ने पुलको रूपमा काम गर्ने बताए ।

उनले यसको प्रभावकारिताका लागि जनताको प्रतिवद्धताः श्रमिक, महिला र युवाको रोजगार सुरक्षामा जोड दिनु आवश्यक पर्ने स्पष्ट पारे ।‘सीपमूलक तालिम संस्कृतिको विकास र विस्तारमार्फत दिगो रोजगारीको प्रवद्र्धन सम्भव हुनेछ’, उनले भने । तीन तहका सरकार, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी क्षेत्रसँगको साझेदारी र सहकार्यका माध्यमले डिजिटल सरकारको प्रारुप तयार गरेको उनको भनाइ छ । रासस

# शुद्ध खानेपानी व्यवहारिक हक बन्ने छः मन्त्री यादव

**काठमाडौँ ।** खानेपानीमन्त्री प्रदीप यादवले आम नेपाली नागरिकका लागि शुद्ध खानेपानी सपना मात्र नभइ अब व्यवहारिक हक बन्ने बताएका छन ।

सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नं ५ र ६ मा विहिवार सम्पन्न ‘नाङ्गेडाँडा बृहत् पम्पिङ खानेपानी योजना’ उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उनले सरकारको उच्च प्राथमिकतामा रहेको ‘स्वच्छ पानी, स्वस्थ जीवन’ अभियानअन्तर्गत देशभरिका दुर्गम गाउँदेखि सहरसम्म खानेपानी सेवा सर्वसुलभ गराउने दीर्घकालीन नीति रहेको बताए ।

सरकार विकासको प्रत्येक पाइलामा नागरिकको अपेक्षालाई सर्वोपरि राखेर अघि बढिरहेको तथा संघीय सरकार, स्थानीय निकाय र जनताको सक्रिय सहकार्यको उदाहरण स्वरुप सिन्धुलीको सुनकोशी गाउँपालिकाको नाङ्गेडाँडा खानेपानी योजना सफल बन्न पुगेको मन्त्री यादवको भनाइ थियो ।

आयोजनाको निर्माण कार्यका लागि सम्झौता विसं २०७९ असार ९ गते गरिएको तथा प्रारम्भिक योजनाअनुसार आयोजनाको कार्य विसं २०८२ असार ८ गतेभित्र सम्पन्न गरिसक्ने लक्ष्य राखिएको खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए ।

उनले भने, ‘कार्य प्रगति र आवश्यक परिमार्जनपछि अन्तिम लागत ३७ करोड ९४ लाख ९० हजार ५२४ रुपैयाँ पुगेको छ, यस आयोजनाले यहाँका नागरिकलाई स्वच्छता, स्वास्थ्य र समृद्धिका क्षेत्रमा सकारात्मक प्रभाव पु¥याउने विश्वास लिइएको छ ।’

सुनकोशीको नाङ्गेडाँडा आयोजनाअन्तर्गत कुल दुई हजार ५३५ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित हुनुका साथै प्रत्येक परिवारमा शुद्ध र सुरक्षित खानेपानी पुग्ने लक्ष्य लिइएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना प्रमुख इञ्जिनियर हेराकाजी मर्हजनले जानकारी दिए ।

उक्त कार्यक्रममा सिन्धुली क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधी सभा सदस्य लेखनाथ दाहाल, गाउँपालिकाका अध्यक्ष दीपा बोहोरा दाहाल, उपाध्यक्ष कपिलकुमार कोइरालाले नाङ्गेडाँडा बृहत् पम्पिङ खानेपानी योजनाले यहाँका नागरिकको खानेपानीको समस्या समाधान गर्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

खानेपानी मन्त्रालयका सचिव इ प्रमिलादेवी शाक्य बज्राचार्यले आगामी दिनमा पनि यहाँका नागरिकलाई अझ आधुनिक, पहुँचयुक्त र जनमैत्री खानेपानी सेवा पु¥याउने सरकारको अटल सङ्कल्प रहेको बताए । उक्त कार्यक्रममा सुनकोशी–५ का वडाध्यक्ष सुरतकुमार वस्याल, सुनकोशी–६ का वडाध्यक्ष महेन्द्रबहादुर थापालगायत विभिन्न राजनैतिक दलका प्रतिनिधि र स्थानीयवासीको सहभागिता रहेको थियो । रासस

# छ महिनामा दुई हजार बढी पर्यटकले गरे शुक्लाफाँटा भ्रमण

**कञ्चनपुर ।**
शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षको छ महिनाको अवधिमा दुई हजार ३८८ पर्यटकले भ्रमण गरेका छन । त्यसमा एक हजार १६० महिला र एक हजार २२८ पुरुष पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । निकुञ्ज भ्रमण गर्ने आन्तरिक पर्यटको सङ्ख्या दुई हजार १८१ रहेको छ ।

सार्क मुलुकका २७ महिला र ६३ पुरुष गरी ९० जनाले निकुञ्जको भ्रमण गरेको निकुञ्ज कार्यालयका सूचना अधिकारी पुरुषोत्तम बाग्लेले बताए । उनका अनुसार निकुञ्जमा ४८ महिला र ६९ पुरुष गरी ११७ विदेशी पर्यटकले भ्रमण गरेका छन् । सबैभन्दा बढी चैतमा ५२० पर्यटकले निकुञ्जको भ्रमण गरेका छन् ।

कात्तिकमा ३१६, मङसिरमा ३८९, पुसमा ४३२, माघमा २७१, फागुनमा ४६० पर्यटक निकुञ्ज घुमेका छन् । उनका अनुसार साउन, भदौ र असोजमा वर्षातका कारण निकुञ्जमा पर्यटकीय गतिविधि शून्य रहेको छ । आव २०८०÷८१ मा निकुञ्जमा चार हजार ५७४ पर्यटक निकुञ्ज घुमेका थिए । त्यसमा एक हजार ७७० महिला र दुई हजार ८०४ पुरुष पर्यटक रहेका थिए ।

आन्तरिक पर्यटक चार हजार २९४, सार्क मुलुकका पर्यटक १३७ र विदेशी पर्यटक १४३ ले निकुञ्जमा घुमफिर गरेका थिए । विसं २०३१ मा स्थापना भएको निकुञ्ज ३०५ वर्ग किलोमिटरमा फैलिएको छ । थोरै क्षेत्रफलमा बाघको बाक्लो घनत्व भएको क्षेत्रका रुपमा निकुञ्ज परिचित छ । दुर्लभ वन्यजन्तु, पक्षी तथा वनस्पतिका लागि प्रसिद्ध सो निकुञ्जमा विश्वको सबैभन्दा ठूलो बथानमा बाह्रसिङ्गा पाइन्छ । नेपालका संरक्षित क्षेत्रका सबैभन्दा ठुलो घाँसे मैदान शुक्लाफाँटामा बाह्रसिङ्गाको बथान हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गरेको छ । निकुञ्जमा जंगली हात्ती, पाटेबाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडगधा, बाह्रसिङ्गा, कृष्णसार, बदैंल, जरायो, चित्तल, लगुना लगायतका ५३ बढी स्तनधारी वन्यजन्तु पाइने गरेका छन् । निकुञ्जभित्र रहेका रानी ताल लगायतका अन्य तालमा मगर गोही पाइन्छन् । रैथाने र बसाइ सरी आउने गरी ४४९ भन्दा बढी चराचुरुङ्गी पाइन्छन् । निकुञ्जमा १२ प्रजातीका घस्रने वन्यजन्तु, २० प्रजातीका उभयचर, २४ प्रजातीका माछा र ३५ प्रजातीका पुतली पाइन्छन् ।रासस

# यातायात कार्यालय द्वारा ४५ करोड रूपैयाँ राजस्व संकलन

**बागमती ।**
यातायात व्यवस्था कार्यालय हेटौँडा मकवानपुरले चालु आर्थिक २०८१÷८२ को नौ महिनाका अवधिमा ४५ करोड ६६ लाख रुपैयाँ भन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

नयाँ सवारी दत्र्ता, नवीकरण तथा सवारी चालक अनुमतिपत्र वितरण लगायतबाट चालु आव २०८१÷८२ को साउनदेखि चैत महिनासम्ममा सो कार्यालयले ४५ करोड ६६ लाख ८५ हजार पाँच सय ९० रुपैयाँ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख प्रवीण श्रेष्ठले जानकारी दिए ।

कार्यालय प्रमुख श्रेष्ठका अनुसार चालु आवको नौ महिनामा सवारी चालक अनुमतिपत्र वितरणबाट सात करोड आठ लाख ७१ हजार तीन सय १४ रुपैयाँ, सवारी करबाट २८ करोड २७ लाख ३७ हजार दुई सय ९९रुपैयाँ, यातायात क्षेत्रको आम्दानीबाट सात करोड १५ लाख ७६ हजार नौ सय ९२ रुपैयाँ, सङ्घीयता तर्फ तीन करोड १४ लाख ९१ हजार नौ सय ५३रुपैयाँ तथा बेरुजुबाट आठ हजार दुई सय ५० रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

यस्तै चालु आवको सो अवधिमा मोटरसाइकल दुई हजार दुई सय ३४ वटा, साना सवारी आठ सय ४७ वटा, टेम्पो÷ई–रिक्सा छ सय २६, ठूला तथा मझौला सवारी छ सय २४ वटा र ट्याक्टर ११ गरी चार हजार तीन सय ५१ नयाँ सवारी दत्र्ता भएको कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिए ।

यस अवधिमा नयाँ चार हजार सात सय ८१ र वर्ग थप दुई हजार एक सय ६१ गरी पाँच हजार तीन सय ५९ जनालाई सवारी चालक अनुमतिपत्र (लाईसेन्स) वितरण गरिएको प्रमुख श्रेष्ठले जानकारी दिए ।

यस्तै सो अवधिमा चार हजार सात सय ८१ नवीकरण, ७६ प्रतिलिपी र ६३ वटा नवीकरण र प्रतिलिपी दिइएको जनाएको छ । सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८०÷८१ मा विभिन्न शीर्षकमा ५६ करोड सात लाख १७ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो भने चार हजार तीन सय ९९ वटा सवारी साधन दत्र्ता गरेको थियो ।रासस

# विदेशबाट फर्किएर मौरीपालन

**चितवन ।**
पूर्वी चितवनको राप्ती नगरपालिकाका २९ वर्षीय केशव मुक्तान अहिले मौरीपालन व्यवसायमा तल्लिन छन । विगत छ वर्षदेखि उनि मौरीपालन व्यवसायमा लागेका हुन ।

राप्ती–५ का मोक्तान सन् २०१५ मा विदेश गएर विदेशमा सोचे जस्तो राम्रो नभएपछि नेपाल फकिएका र उनि नेपाल आएर मौरीपालन व्यवसायमा लागेका हुन । उनले करिब २५ घारबाट सुरु गरेका मौरीपालन व्यवसाय अहिले १३५ घार पु¥याएका छन । विदेशमा भन्दा काम गर्न सके नेपालमा नै राम्रो गर्न सकिन्छ भन्ने सोचका साथ उनलेयोव्यवसायसुरुगरेकाहुन । उनले भने,‘अहिले पनि कहिले काहीँ कमाउनका लागि विदेश जाउँकी भन्ने भान भए पनि नेपालमा नै कमाउन सकिन्छ भन्ने भएर यो व्यवसाय सुरु गरेको हुँ ।’ परिवारले सामान्य



रुपमा गर्दै आएको व्यवसायलाई नै सशक्त बनाएर उनले व्यावसायिक रुपमा मौरीपालन गरेका छन ।

आरकेएम पशुपंक्षी कृषि फर्म दर्ता गरेर उनले मौरीपालन व्यवसाय सुरु गरेका हुन । उने भने, ‘नेपालमा केही गर्न सकिन्छ भन्ने युवापुस्तालाई देखाउनका लागि कृषि कर्ममा लागेको हुँ ।’

मौरीपालन गर्दा चरनको समस्या हुने गरेको भए पनि त्यसलाई सामना गर्दै अघि बढेको उनले बताए । चरनमा लैजाँदा सामुदायिक वनलाई शुल्क तिर्नुपर्ने बाध्यता रहेको छ । मौरीले कसैलाई पनि असर नगर्ने भए पनि सामुदायिक वन तथा समुदायले शुल्क लिने चलन हटाउन सके मौरीपालन गर्ने किसानलाई सहज हुने उनको भनाइ छ ।

आफ्नो ससुरा बाले गरेको देखेर उत्साहित भएर मौरीपालन गर्न सुरु गरेका मुक्तानले अहिले वार्षिक एक हजार ९५० किलो मह उत्पादन गर्दै आएका छन । घारलाई बढाएर १५० पु¥याउने योजना उनको रहेको छ । सुरुआतमा व्यवसायमा सोचे जस्तो नहुँदा निराश भएका मुक्तानलाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले २० घार र कृषि विकास कार्यालयले कृषि उद्यमशीलता कार्यक्रमअन्तर्गत ९० घार सहयोग गरेपछि उनले मौरीपालन व्यवसायलाई अझै प्रभावकारी रुपमा अघि बढाएका छन ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलले विदेश जाने योजना बनाएका वा विदेशबाट फकिएका युवालाई कृषि कर्ममा लगाउन सके आयातलाई प्रतिस्थापन गर्न सकिने भएकाले कार्यक्रमअन्तर्गत युवाहरुलाई समेटिएको बताए ।रासस

# छेकम्पारका बासिन्दा यार्सागुम्बा सङ्कलन गर्न छेके र बाजु लेकतिर



**गोरखा ।**
चुमनुब्री गाउँपालिका–७ छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न लेकतिर जान थालेका छन् । मौसम सुरु हुने बित्तिकै छेकम्पारवासी यार्सागुम्बा सङ्कलन गर्न छेके र बाजुको लेकतिर जान थालेका स्थानीय छिरिङफुञ्जो लामाले जानकारी दिए ।

‘कतिपय हिँडिसके, कतिपय जाने तयारीमा छन’, उनले भने, ‘मौसम बिग्रिएर दुःख दिइरहेको छ ।’ चुमनुब्री–१ सामागाउँ र वडा नं ७ छेकम्पारका लेकमा उच्च गुणस्तरको यार्सागुम्बा पाइन्छ । यसलाई उत्तरी गोरखाका बासिन्दाको प्रमुख आम्दानीको स्रोत मानिन्छ । चुमनुब्रीको वडा नं ३ र धार्चे गाउँपालिकाको वडा नं ३ का लेकमा पनि यार्सागुम्बा पाइन्छ ।

छेकम्पारका बासिन्दा यार्सागुम्बा टिप्न वैशाखको पहिलो सातादेखि नै लेकतिर जान थालेका निवर्तमान वडाध्यक्ष पासाङ फुञ्जो लामा बताउछन । ‘स्थानीय जान त गएका छन्, तर लेकमा अझै हिउँ जमिरहेको छ’, उनले भने, ‘यो वर्ष हिउँ ढिला प¥यो, लेक गएका पनि हिउँ पन्छ्याउँदै होलान् ।’ वैशाख लागेपछि लेक गएकाहरू असारतिर मात्र फर्कने गर्छन् ।

स्थानीय बासिन्दाले करिब दुई–अढाइ महिनालाई पुग्ने गरी याक–चौंरीलाई रासनपानी तथा लत्ताकपडा बोकेर लैजान्छन् ।

यार्साको मोसम सुरु भएपछि अधिकांशले घरमा ढोका लगाएर जहान परिवार, घरपालुवा पशुचौपाया सबै लेकमै लिएर जान्छन् । ‘लेकमा अस्थायी क्याम्प बनाउँछन्, बालबच्चा पनि लेकमै लान्छन्, याक, चौंरी पनि लेकमै लान्छन’, लामा पासाङ भन्छन ‘कसै–कसैका घरमा हिँड्न नसक्ने बुढाबुढी छन् भने रोङ्बा(तल्लो भेगका मान्छे)लाई घर कुरुवा राखेर आफू सबै लेकमै जान्छन् ।’

यहाँका बासिन्दाको मुख्य आयस्रोत यार्सागुम्बाबाट हुने कमाइ हो । उनीहरुले यार्सागुम्बा बेचेर दुई लाख रुपैयाँ देखि चार लाखसम्म कमाउने गर्दछन् । ‘अचेल लेकमा किरा पाउनै छोड्यो, दिनभरि खोज्दा एउटा, दुईटा मात्र पाइन्छ’, छिरिङ फुञ्जो भन्छन्, ‘अब केही वर्षपछि त त्यही पनि पाउन छोड्छ होला ।’ यार्सागुम्बा सङ्कलनका लागि प्रत्येक घरले स्थानीयस्तरको समितिलाई ५०० रुपैयाँ र पालिकाका लागि ५०० रुपैयाँ तिर्नुपर्ने व्यवस्था छ ।रासस

# ऋषिङको दिउली खोलामा पुल निर्माण सुरु

**तनहुँ ।**
यहाँको ऋषिङ गाउँपालिका–१ र ३ जोड्ने दिउली खोलामा पक्की पुल निर्माण सुरु गरिएको छ । सङ्घीय सशर्त अनुदान अन्तर्गत तीन करोड ८५ लाख ९३ हजार रुपैयाँ लागतमा पुल निर्माण सुरु गरिएको हो ।

पुल सम्पन्न भएपछि जिल्लाका ऋषिङ, व्यास र देवघाट गरी तीन स्थानीय तहका बासिन्दा लाभान्वित हुने छन् । तीन पालिकाका करिब ४०० घरधुरीलाई आवतजावतमा सहज हुने गाउँपालिकाका इन्जिनियर श्रीकृष्ण खनालले जानकारी दिए ।

उनले भने, ‘पुल बनेपछि दमौलीबाट दिउली खोला पुल



हुँदै देवघाटको दुबुङ र खाल्टे पुग्न सहज हुनेछ ।‘ पुल निर्माणको जिम्मा पशुपति आर्कडी असेस जेभीले पाएको छ । हाल पुलको एउटा पिल्लर निर्माण भइसकेको र अर्को छेउको पिल्लर निर्माण भइरहेको पालिकाका न्जिनियर अखिल सुबेदीले बताए ।

उनका अनुसार ४० मिटर ‘स्पान प्रिस्ट्रेस्ड क्रङ्क्रिट’ प्रविधिबाट पुल निर्माण गर्न लागिएको हो । पुलको हालसम्म वित्तिय प्रगति ३० प्रतिशत र भौतिक प्रगति ४० प्रतिशत छ ।

विसं २०८० माघ २३ मा सम्झौता गरी पुल निर्माण सुरु गरिएको हो । यहाँ पुल नहुँदा ऋषिङका बासिन्दाले समस्या भोग्दै आएको प्रमुख प्रशासकीय अधिकृत अनिल अम्गाइले बताए ।रासस

# गुर्जामा सामूहिक तरकारीखेती

**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–१ गुर्जाका किसानले सामूहिक तरकारीखेती सुरु गरेका छन् । गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रममार्फत गुर्जाका किसानले जग्गा भाडामा लिएर सामूहिक रूपमा व्यवसायिक तरकारीखेती सुरु गरेका हुन् ।

करिब चार रोपनी जग्गा भाडा लिएर २१ जनाले बन्दा, खुर्सानी, गोलभैँडालगायत तरकारीखेती सुरु गरेका प्रगति लघुउद्यमी समूहका अध्यक्ष रेशकुमारी छन्त्यालले बताईन । ‘गुर्जामा आवश्यक पर्ने ताजा तरकारी आपूर्तिका लागि सामूहिक खेती गरिएको हो’, उनले भनिन, ‘तरकारी आयात घटाउने, स्थानीयबासी र गुर्जा घुम्न आउने पर्यटकलाई ताजा र अर्गानिक स्वाद पस्किने उद्देश्यले सामूहिक खेती गरेका हौँ ।’

समुन्द्री सतहबाट दुई हजार ७०० मिटर उचाइमा रहेको, सडक यातायातको सुविधा नपुगेको गुर्जा म्याग्दीको दुर्गम र विकट क्षेत्रमा अवस्थित छ । उच्च पहाडी क्षेत्रमा अवस्थित गुर्जामावेष गरेर खुर्सानी आयात हुने गर्दछ । धवलागिरि–१ का वडाध्यक्ष झक छन्त्यालले परिक्षणका लागि गरिएको खुर्सानी खेती सफल भएपछि समूहमार्फत अन्य खेती विस्तार गर्न थालिएको बताए । उनका अनुसार यसअघि घुम्ती व्यापारीले बोकेर लैजाने खुर्सानीलाई प्रतिकिलो चार सय रुपैयाँका दरले किन्नुपर्ने अवस्था छ । गुर्जाबासीले बर्खायाममा जङ्गलमा प्रशस्त मात्रामा पाइने च्याउ, ढकायोको टुसालाई तरकारीका रूपमा उपभोग गर्नुका साथै आफन्तलाई कोसेली पठाउने र बिक्रीसमेत गर्छन् । हिउँद याममा भने तरकारीको अभाव हुने भएकाले खेती गर्न थालिएको वडाध्यक्ष छन्त्यालले उल्लेख गरे । स्थानीय जातको मुलालाई धजरा, गुन्द्रुक, च्याउको सुकुटी बनाएर हिउँदमा तरकारीको रूपमा प्रयोग गर्छन् । रासस

# तनहुँ जलविद्युत् आयोजना प्रभावितलाई क्षतिपूर्ति वितरण

**तनहुँ ।**
तनहुँको ऋषिङ गाउँपालिका–१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा विस्फोट गर्दा क्षति भएकामध्ये ९४ प्रतिशत परिवारलाई क्षतिपूर्ति वितरण गरिएको छ ।

चरण–१ अन्तर्गतका संरचना निर्माणका क्रममा विस्फोट गर्दा आयोजना आसपासका क्षेत्रमा पुगेको असर तथा क्षति पुगेका परिवारलाई आयोजनाले क्षतिपूर्ति रकम वितरण गरेको हो ।

ऋषिङ–१ र व्यास नगरपालिका–५ का गरी एक सय ४७ परिवारका घर तथा संरचनाको क्षति निर्धारण गरेपश्चात एक सय ३९ परिवारलाई रकम वितरण गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । उनका अनुसार बाँकी परिवारको रकम वितरणको प्रक्रियामा छ । भण्डारीले क्षति भएका घरको अनुगमन पश्चात अधिकतम तीन लाख रुपैयाँ र न्यूनतम दश हजार रुपैयाँ क्षतिपूर्ति बापत रकम तोकिएको जानकारी दिए । उनले भने, ‘जिल्ला प्रशासन कार्यालयले गठन गरेको समितिले निर्धारण गरेबापतको रकम वितरण गरिएको छ । छ प्रतिशत परिवारले मात्रै रकम बुझ्न बाँकी छ ।’

संरचना निर्माण गर्दा घरमा क्षति पुगेको भन्दै स्थानीयबाट निवेदन आएपछि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको थियो । सो समितिमा पूर्वाधार विकास कार्यालयका इञ्जिनियर, आयोजनाका इञ्जिनियरलगायत सदस्य छन ।

आयोजनाको चरण–१ अन्तर्गत बाँधलगायत संरचना निर्माण भइरहेको छ । यस चरणअन्तर्गतका संरचनाको निर्माण सोड्दा कालिका जेभीले गरिरहेको छ । हालसम्म ४२ दशमलव पाँच प्रतिशत प्रगति भएको प्रमुख भण्डारीले उल्लेख गरे । यसअन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माण गर्न पूर्वतयारीका कार्य भइरहेका छन् । भण्डारीका अनुसार बाँधको जग निर्माणस्थलमा जम्मा भएको पानी फाल्ने, टावर क्रेन जडानलगायत कार्य सम्पन्न गरिएको छ । रासस

# राहुघाट जलविद्युत् आयोजना सम्पन्न, परीक्षण उत्पादन हुँदै

**म्याग्दी ।**
रघुगङ्गा गाउँपालिकामा ३७ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला–मङ्गले–राहुघाट जलविद्युत् आयोजना निर्माण भएको छ ।

तुदी पावर कम्पनी लिमिटेड प्रवद्र्धक रहेको आयोजनाले आगामी १५ दिनभित्र परीक्षण उत्पादन सुरु गर्ने जनाएको छ ।

आयोजनाका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाका अनुसार विद्युतगृहमा उपकरण जडान हुनाका साथै र प्रसारण लाइन पनि तयार भएको छ । आयोजनाबाट उत्पादित बिजुली केन्द्रीय प्रणालीमा प्रवाह गर्न १४ किलोमिटर लामो २२० केभी क्षमताको प्रसारण लाइन निर्माण गरिएको छ । राहुघाट ‘बेसिन’मा निर्माण भएको यो पहिलो जलविद्युत् आयोजना हो ।रासस

# प्रदेश लगानी सम्मेलनः ढुक्क भएर लगानी गर्न प्रधानमन्त्रीको आग्रह



**विराटनगर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा लगानीका लागि प्रशस्त सम्भावना र उपयुक्त वातावरण रहेकाले ढुक्क भएर लगानी गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई आग्रह गरेका छन ।

कोशी प्रदेश सरकारद्वारा आयोजित 'कोशी लगानी सम्मेलन, २०८२' को बिहिवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले सांस्कृतिक, धार्मिक र पर्यटकीय अनेक हिसाबले नेपालमा लगानी गर्ने प्रशस्त सम्भावना र उपयुक्त वातावरण रहेकाले आन्तरिक र बाह्य लगानी परिचालनमा ध्यान दिन प्रशासनिक क्षेत्रलाई आग्रह गरे ।

'वर्तमान समयमा सडक, पुललगायत पूर्वाधार निर्माण भइसकेकाले सबै लगानीकर्ताले ढुक्क भएर लगानी गर्न सक्नुहुन्छ । सरकारका तर्फबाट कुनै समस्या पर्न दिने छैनौँ । आवश्यक सहकार्य र समन्वय गर्न सरकार तयार छ', उनले भने ।

कोशी प्रदेश पूर्वाधार विकासका साथै सडक सञ्जालसँग जोडिएको जनाउँदै प्रधानमन्त्री ओलीले लगानी गरेर उत्पादन बजारमा पु¥याउने समयसम्म एसियालीस्तरको छ लेनको पूर्व–पश्चिम राजमार्ग निर्माण भइसक्ने उल्लेख गरे । 'हामी कच्चा पदार्थ पनि ल्याएर गुणस्तरीय वस्तु उत्पादनमा केन्द्रित हुनु जरुरी छ । त्यसकारण हरेक क्षेत्रमा नयाँनयाँ सम्भावनालाई हामीले पहिल्याउन सक्छौँ', उनले भने ।

प्रधानमन्त्री ओलीले उत्पादित सामग्री कोशी प्रदेशका विभिन्न कोरिडोर र नाकामा लैजान सक्नेगरी सडक पूर्वाधार निर्माण भइसकेकाले बजारीकरण र ढुवानीमा कुनै असहजता नहुने धारणा राखे । 'विराटनगरसहित विभिन्न विमानस्थल विस्तार गरिनेछ ।

सांस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्रका साथै सगरमाथासहित विभिन्न हिमाल र जडिबुटीका क्षेत्रमा कोशी प्रदेशमा प्रशस्त सम्भावना छन् । यहाँका जनता शिक्षित र मेहनती हुनुहुन्छ । त्यस कारण पनि यहाँ लगानीको प्रचुर सम्भावना छ', उनले भने ।

प्रधानमन्त्री ओलीले उद्यमशीलता दशक मनाउन सकिए रोजगारी दशक सफल हुने उल्लेख गर्दै भने, 'म युवाहरूलाई भन्न चाहान्छु, रोजगारीको खोजीमा नभौँतारिनुस्, उद्यमशीलतामा लाग्नुस् । त्यसका लागि सोच, तालिम र सीप विकासमा सरकारले सहयोग गर्नेछ ।' विश्वको सर्वोच्च शिखर सगरमाथालाई सगरमाथाकै नामबाट विश्वमा 'ब्राण्डिङ' गर्न आग्रह गर्दै उनले 'माउन्ट एभरेष्ट' भनिरहन नपर्नेमा जोड दिए ।

प्रधानमन्त्री ओलीले अन्तरराष्ट्रिय श्रम सङ्गठनको मान्यताअनुसार श्रमको सम्मान गर्न, रोजगारादाता र श्रमिकबीच संवादका साथै ट्रेड युनियन अधिकारको रक्षा गर्न सरकार सदैव तत्पर रहेको पनि लगानीकर्तालाई अवगत गराउनुभयो ।

उहाँलाई कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहितले स्वागत गर्नुभएको थियो ।रासस

# विदेशमा सिकेको सीप र पूँजीलाई स्वदेशको समृद्धिमा लगाउन सभापति देउवाको आग्रह

**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले प्रवासी नेपालीलाई विदेशमा सिकेको सीप र पूँजीलाई स्वदेशमा लगानी गरि तिव्र आर्थिक समृद्धि हासिल गर्न आग्रह गरेका छन ।



नेपाली कांग्रेसको नेपाली जनसम्पर्क समिति समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा बिहिवार आयोजित 'प्रवासमा नेपालीः सरकारको दायित्व र जनसम्पर्क समितिहरुको भूमिका' विषयक अन्तरक्रियालाई सम्बोधन गर्दै उनले प्रवासी नेपालीको चाहनाअनुसारको वातावरण राज्यको सबै निकायमा बनाइ सक्षम र सबल व्यक्तिलाई सहभागी गराउन क्रियाशील रहेको बताए ।

'देशभन्दा बाहिर रहेर पनि देश र जनताको हितमा सोच्नुभएको छ, पार्टीको महाधिवेशन र महासमितिमा समेत समेट्ने प्रयास गरेको छौँ, पार्टीको विधान परिवर्तन गरेर महाधिवेशनबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गराउन प्रयास गर्ने छौँ', उनले भने ।

सभापति देउवाले विश्वको जुनसुकै भूमिमा भए पनि नेपाली हौँ भन्ने भावनाका साथ उन्नति र प्रगतिमा लाग्न आग्रह गरे । उनले नेपालमा लोकतान्त्रिक गणतन्त्र बलियो बनाउन प्रवासी नेपालीको बलियो साथ र सहयोग आवश्यक रहेको उल्लेख गरे ।

पार्टीका उपसभापति एवम् पूर्वमन्त्री धनराज गुरुङले यस्ता अन्तरक्रिया र छलफलले भएका समस्यालाई समाधान गर्ने गरि काम गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले विदेशमा रहेका नेपालीको भिसा नविकरण, श्रम स्वीकृतिलगायतका सामान्य काममा समेत ढिलाइ हुँदा असाधारण क्षति व्यहोर्नुपरेको भन्दै पार्टीको केन्द्रीय कार्यालयमा समेत यसको सहजीकरणका लागि डेस्क स्थापना गर्नुपर्नेमा जोड दिए ।

उनले गैरआवासीय नेपालीलाई परेको समस्या समाधान गर्नेगरी नेपालमा सहजरूपमा काम गर्न सक्नेगरी लगानीमैत्री वातावरण सिर्जना गर्ने गरि छलफल केन्द्रीत भएर पार्टीलाई सुझाव दिन आग्रह गरे ।

नेपाली कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठले पार्टीको पक्षमा जनमत तयार गर्दै श्रम गर्न विदेश गएका सम्पूर्ण नेपालीको हितमा हुनेगरी पार्टीले सरकार र संसदमा महत्त्वपूर्ण भुमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

पार्टीका पूर्वमहामन्त्री विमलेन्द्र निधिले जनसम्पर्क समितिको भूमिकालाई प्रभावकारी बनाउन निरन्तर अन्तरक्रिया हुनु आवश्यक रहेको भन्दै संसारमा रहेका नेपालीलाई जोड्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीमा जनमत सिर्जना गर्न र आर्थिक समृद्धि रक्षाका लागि भूमिका निर्वाह गर्न आवश्यक रहेको बताए ।

कांग्रेसका पूर्वमहामन्त्री एवम् राष्ट्रियसभामा संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले विभिन्न देशमा रहेका प्रवासी नेपालीको फरकफरक समस्या रहेको भन्दै उनीहरुमा नेपालको समृद्धि होस् भन्ने साझा धारणा रहेको बताए । उनले प्रवासी नेपालीको हितमा नीतिगत व्यवस्थाका लागि प्रभावकारी कानुन निर्माणमा पार्टीले जोड दिने बताए ।

पार्टीका केन्द्रीय सदस्य एवम् विभागका पूर्वप्रमुख अर्जुन जोशीले नेपालमा भन्दा प्रवासमा बढी हुने हो कि भन्ने चिन्ता रहेको भन्दै यसलाई समाधान गर्न पार्टीले उचित निर्णय लिनुपर्ने बताए । उनले पार्टी र सरकारले विदेशमा रहेका नेपालीको भावना बुझ्ने गरी नीतिगत व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

विभागका प्रमुख एव पार्टीका केन्द्रीय सदस्य किरणराज पौडेलले नेपालबाट विदेश गएर काम गर्ने आप्रवासी कामदारले नेपालमा आपतकालीन समयमा गरेको सहयोग अतुलनीय भएको बताए । उनले 'सबै जुटौं, कोही पनि नछुटौं' भन्ने नाराका साथ विदेशस्थित २९ देशमा रहेका ३७ वटा जनसम्पर्क समिति रहेको जानकारी गराउँदै ४० भन्दा बढी देशमा जनसम्पर्क समिति गठन गर्ने लक्ष्य रहेको बताए । रासस

# कानुनी तथा विधिको शासनका पक्षमा लेखापढी व्यवसायीको भूमिका महत्त्वपूर्णः सभामुख

**ललितपुर**
सभामुख देवराज घिमिरेले पारदर्शी, उत्तरदायी र कानुनी शासनको निर्माणमा लेखापढी व्यवसायीको महत्त्वपूर्ण योगदान रहेको बताएका छन । नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसनको नवौँ महाधिवेशनको विहिवार उद्घाटन गर्दै उनले बुझिने भाषामा कानुनको व्याख्या गरी कामकाजमा सहजीकरण गर्ने कानुन व्यवसायीको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गरे ।

'नागरिक र सरकारी कार्यालयबीच सहजता कायम गर्न लेखापढी व्यवसायीको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ', सभामुख घिमिरेले भने, 'जिल्ला प्रशासन, मालपोत तथा नापीजस्ता सरकारी कार्यालयमा विभिन्न प्रकारका कागजपत्र तयार गर्दा नागरिकलाई कानुनी प्रक्रिया, निवेदन लेखन, अभिलेख व्यवस्थापन जस्ता कार्यमा मार्गदर्शनसहित सहजीकरण गरी सेवाग्राहीलाई सहयोग गर्ने काममा लेखापढी व्यवसायी केन्द्रित हुन आवश्यक छ ।'

सभामुख घिमिरले भने, 'सेवाग्राहीका निवेदन, लिखत तथा अन्य कागजात मस्यौदा गर्ने, घरसारका लिखत तयार गर्नेलगायत महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै स्वरोजगारको बलियो माध्यम बनेको यो पेसाबाट धेरै व्यक्ति लाभान्वित भएका छन् । आमजनतासँग प्रत्यक्ष जोडिने यो पेसालाई आयआर्जनसहित अझ मर्यादित बनाउने जिम्मेवारी यहाँहरूको हो ।'

मालपोत तथा जग्गा नापजाँचसम्बन्धी ऐनमा व्यापक सुधारको आवश्यकता रहेको उनले बताए । कृत्रिम बौद्धिकता (एआई)लगायत प्रविधिको विकाससँगै लेखापढी क्षेत्रमा पनि आवश्यक रूपान्तरणको खाँचो रहेको धारणा राख्दै उनले सूचना प्रविधिको प्रयोगले पेसागत सहजता हुनेभएकाले त्यसलाई आत्मसाथ गर्नुपर्ने आवश्यकता औँल्याए ।

सभामुख घिमिरले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ बनाउने कार्यमा आमजनतासँग प्रत्यक्ष जोडिएर कामकाज गर्ने लेखापढी व्यवसायीको महत्त्वपूर्ण भूमिका हुने प्रसङ्ग उल्लेख गर्दै जनताको विश्वास जित्नेगरी कानुनी राज्य र विधिको शासनका पक्षमा उभिन अनुरोध गरे । नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसनअन्तर्गत करिब २२ हजार सदस्य रहेका छन् । सो महाधिवेशनमा एक हजार ३०० प्रतिनिधिको सहभागिता रहेको छ ।रासस

# जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डायलासिस सेवा शुभारम्भ

**तनहुँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलशौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा डायलासिस सेवाको बिहिवार शुभारम्भ गरेका छन ।

लायन्स क्लव इन्टरनेशनल ३२५ एल नेपालसँगको सहकार्यमा केन्द्रमा सो सेवा थालनी गरिएको हो । उपचार केन्द्रमा सात वटा उपकरण जडान गरिएको छ । यसअघि तीन उपकरणबाट परीक्षणसमेत सफल भएको जनाइएको छ । सो अवसरमा मन्त्री पौडेलले स्वास्थ्य बीमाको बक्यौता रकममध्ये २५ प्रतिशत रकम एक हप्ताभित्र भुक्तानी हुने जानकारी दिएका छन ।

'स्वास्थ्य बीमाको कूल बक्यौता रकमको २५ प्रतिशत रकम एक हप्ताभित्र भुक्तानी हुन्छ', मन्त्री पौडेलले भने 'वैशाख महिनासम्मको यदाकदा बाहेक भुक्तानी भइसकेको छ, अब साउन महिनासम्मको भुक्तानी हुन्छ ।' मुटु उपचार सेवा विस्तार, क्यान्सर र मिर्गौला प्रत्यारोपण कार्यलाई सात वटै प्रदेशमा पु¥याउने लक्ष्यसहित अघि बढिएको उनले बताए । उनले भने,'यसै आर्थिक वर्षभित्र ती काम पूर्णता पाउने गरी काम गर्न लागिएको छ ।'

जीपी श्वासप्रश्वास उपचार केन्द्रमा डायलासिस सेवा उपलव्ध भएसँगै मिर्गौलाका बिरामीले उपचारका लागि अन्यत्र धाउनुपर्ने बाध्यताको अन्त्य हुने बताएका छन । शुक्लागण्डकी नगरपालिका र यस आसपास क्षेत्रमा रहेका मिर्गौलाका बिरामील डायलासिसका लागि चितवन, पोखरा र काठमाडौँलगायतका लामो दुरी जानुपर्ने बाध्यता रहेको थियो ।

सो अवसरमा केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले भने, 'पहिलो चरणमा एक सिफ्ट सञ्चालन गर्न लागेका छौँ । त्यसमा दैनिक पाँच जनालाई सेवा दिन सक्नेछौँ ।' डायलासिस सञ्चालनका लागि चार जना नर्सलाई तालिम दिइसकिएको छ ।

दक्षिण एसियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रको रूपमा स्थापना गर्न सरकारले पूर्वप्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाको नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा ७४० रोपनी जग्गा उपचार केन्द्रको नाममा प्रदान भइसकेको छ ।

अस्पतालमा तनहुँको शुक्लागण्डकी र भीमाद नगरपालिका, म्याग्दे र रिसिङ गाउँपालिकासहित स्याङ्जा, पाल्पा र नवलपरासी जिल्लाका केही गाउँपालिकाका जनता पनि सेवा लिन आउँछन् ।

अस्पतालले विशेषज्ञ चिकित्सकबाट हाडजोर्नी तथा नशारोग, जनरल सर्जरी, इन्टरनल मेडिसिन सेवा प्रदान गरिरहेको छ । त्यसबाहेक अस्पतालले केही समय अगाडिबाट कल्चर सेवा पनि सुरु गरेको छ । अस्पतालमा ओपिडी सेवा, चौबिसै घण्टा इमर्जेन्सी सेवा, ल्याव, भिडियो एक्सरे सेवा, माइनर अप्रेशनलगायतका सेवा दिइरहेको छ । अस्पतालले श्वासप्रश्वासको उपचार सेवा पनि सुरु गरिसकेको छ । अस्पतालमा दैनिक २५० भन्दा बिरामी उपचारका लागि आउने गरेका छन् । यसमध्ये ४०÷५० जना बिरामी श्वासप्रश्वासका रहेको अस्पतालले जनाएको छ ।रासस

# दार्चुलाको गोकुलेश्वर अस्पताल सञ्चानलमै कठिनाइ

**दार्चुला ।**
शैल्यशिखर नगरपालिका मातहतमा रहेको गोकुलेश्वर अस्पताल सञ्चानलमै कठिनाइ हुँदै आएको छ । बजेट र जनशक्ति अभावमा अस्पताल सञ्चालनमा कठिनाइ भइरहेको हो ।

बैतडी र दार्चुलाको मुख्य केन्द्रविन्दुमा पर्ने सो अस्पतालमा मेडिकल सुपरिडेन्ट नवौं तहको दरबन्दी स्थापनादेखि रिक्त छ । दुई जना मेडिकल अधिकृत करारमा छन् । 'मेडिकल अधिकृतको दरबन्दी भए पनि पुरै समय यहाँ बस्नसक्ने अवस्था छन ', नगरपालिकाका स्वास्थ्य संयोजक शिवदत्त जोशीले भने, 'सेवा सुविधाको कमीले गर्दा यहाँ बस्न रुचि कमैले देखाउने गरेका छन् ।' तोकिएको तलबबाहेक स्थानीय सरकारले थप बजेट दिएर चिकित्सक टिकाउनुपरेको छ । अस्पतालमा डा मनोजबहादुर पाल र उत्तमसिह धामी मात्रै कार्यरत छन ।

राम्रो सेवा सुविधा दिन नगरपालिकाले मात्रै सक्दैन । डाक्टर टिकाउन सेवा सुविधा जरुरी हुने जोशीको भनाइ छ । अस्पतालसँग प्रयाप्त मात्रामा भौतिक पूर्वाधार छैन । आव २०५५÷५६ मा प्राथमिक स्वास्थ्य केन्द्र हुँदा निर्माण गरिएको भवनबाट सेवा दिनुपरेको छ । तीन शय्या भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै अहिले १५ शैय्यामा पु¥याइएको छ । पूरानै भवनलाई अहिले काम चलाउको रुपमा सञ्चालनमा ल्याइएको स्वास्थ्य संयोजक जोशी बताउछन ।

सडक मार्गले नजिक भएका कारण पनि गोकुलेश्वर अस्पतालमा सेवाग्राही बढी हुने गर्छन् । नगरपालिकाको स्रोतले मात्रै अस्पताल सञ्चानल गर्नमा समस्या भइरहेको छ । अस्पताल सञ्चालनका लागि प्रदेश सरकारबाट सहयोग पनि नपाइएको उहाँको गुनासो छ । छिमेकी जिल्ला बैतडी र दार्चुलाका स्थानीय तहसँगको अन्तरपालिका समन्वय बैठक हुँदा पनि अस्पताल सञ्चालनमा सहयोग जुट्न नसकेको स्वास्थ्य संयोजक जोशी बताउनुहुन्छ । अरु कहिँबाट बजेट र उपकरण सहयोग नआएपछि अस्पतालको अवस्था दिनानुदिन कमजोर हुँदै गएको छ ।

यो अस्पतालमा दार्चुलाका लेकम गाउँपालिका, शैल्यशिखर नगरपालिका, मार्मा गाउँपालिका, नौगाड गाउँपालिका र अपिहिमाल गाउँपालिकाका बिरामी चेकजाँचको लागि आउने गर्छन् । यस्तै छिमेकी जिल्ला बैतडीको डिलाशैनी नगरपालिका, दोगडाकेदार गाउँपालिका, पूर्चौडी नगरपालिका र बझाङको बुङ्गल नगरपालिकाका सेवाग्राही अस्पतालमा पुग्ने गरेका छन् ।

महाकाली राजमार्गसँग जोडिएको शैल्यशिखरबाट जिल्ला अस्पतालसम्म पुग्न तीन घण्टा समय लाग्छ । गोकुलेश्वरमा निको नहुने बिरामी डडेल्धुरा अस्पताल वा धनगढी रिफर गर्न सजिलो हुने भएकाले यहाँको अस्पताल बिरामीका लागि पहिलो रोजाइ बन्ने गरेको अस्पतालका चिकित्सक डा पाल बताउनुहुन्छ । अस्तालसँग भएका उपकरण बिग्रँदै जानु तथा मर्मतमा समेत कसैले चाँसो नदिँदा अस्पतालको सेवा प्रवाहमा समस्या भएको छ ।

यो अस्पताललाई प्रदेश सरकार मातहत लगाउने विषयमा छलफल भइरहेको नगर प्रमुख विजयसिह धामीले बताए । 'सुरुमा छिमेकी स्थानीय तहसँग छलफल गर्छौं', उनले भने, 'सेवा सुविधामा साझेदारी गर्न तयार हुन्छन् भने स्थानीय मातहतमै चलाउँछौ, तर सहकार्य नहुने हो भने शैल्यशिखर नगरपालिकाले मात्रै अस्पताल धान्न सकिँदैन ।' अल्ट्रासाउण्ड मेसिन बिग्रँदा सेवा प्रवाहमा समस्या अस्पतालको अल्ट्रासाउण्ड मेसिन बिग्रँदा बिरामीको जाँचमा समस्या भएको छ । तीन महिनादेखि अल्ट्रासाउण्ड मेसिन बिग्रिएको अस्पतालले जनाएको छ । मेसिन मर्मत हुन नसक्दा अस्पतालमा आउने बिरामीको जाँचमै समस्या भएको नगर स्वास्थ्य संयोजक जोशीले जानकारी दिए । 'अस्पतालसँग सुरुमा तीन वटा अल्ट्रासाउण्ड मेसिन थियो', जोशीले भने, 'दुई मेसिन यसअघि नै बिग्रिए, एउटा चैतदेखि बिग्रिपछि समस्या भएको छ ।'अस्पतालमा दैनिक सयौं बिरामी आउने गर्छन् । यो अस्पताल दार्चुलाको मात्र नभइ बैतडीका सेवाग्राहीका लागि पनि केन्द्रमा पर्दछ । अस्पतालमा भिडियो एक्सरे गर्नुपर्ने गर्भवतीको सङ्ख्या नै दैनिक १५÷२० जना आउँछन् । त्योबाहेक सामान्य बिरामी सयौं हुन्छन् । चिकित्सक पालका अनुसार अस्पताल आउने बिरामीको भिडियो एक्सरे नहुँदा सास्ती छ । एक महिना अघि सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले मर्मत गरिदिन्छु भनेर पठाइएको अल्ट्रासाउण्ड मेसिन अझै बनेको छैन । उनका अनुसार बिग्रिएको मेसिन पनि प्रभावकारी थिएन । मेसिन बने नबनेको जानकारी समेत आएको छैन । सात महिनादेखि तलब पाएका छैनन् स्वास्थ्यकर्मीले

यहाँका स्वास्थ्यकर्मीले सात महिनादेखि तलब लगायतका सेवा सुविधा पाएका छैनन् । तलबसमेत समयमै नआउँदा स्वास्थ्यकर्मीलाई काम गर्न धौ–धौ भइरहेको छ । संघीयअन्तर्गत कार्यरत कर्मचारीले समयमै तलब पाए पनि स्थानीय तह र स्थानीय तहले थप गर्नुपर्ने सेवा सुविधा समयमै नपाउँदा स्वास्थ्यकर्मीलाई समस्या भएको छ । नगरपालिकाले करारमा भर्ना भएका कार्यालय सहयोगी, स्वीपरदेखि अहेवसम्म १५ कर्मचारीले सात महिनादेखि तलब पाएका छैनन् । 'सुरुमा तीन महिनाको तलब निकासी भएको छ', स्वास्थ्यकर्मी भने, 'त्योबाहेक हालसम्म तलबसमेत खान पाएका छैनौं ।' अस्पतालमा कार्यरत दुई चिकित्सकको नगरपालिकाले थप गर्नुपर्ने तलबसमेत गएको छैन । सेवा सुविधा नहुँदा स्वास्थ्यकर्मीलाई काम गर्नसमेत समस्या भएको छ । स्वास्थ्य संयोजक जोशी स्थानीय सरकारबाहेक कसैले सहयोग नगर्दा तलब लगायतका सेवा सुविधा व्यवस्थापनमा समस्या भएको स्वीकार गरे ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# संघर्ष समितिद्वारा चोक, पसल र घरमा कालो झण्डा

**मधेशदृष्टि**
**राजविराज ।**
राजविराज नगर क्षेत्रको बिटौरी र ब्लक जग्गाको लालपुर्जा मागसहित विभिन्न ८ बुँदे माग अघि सार्दै आन्दोलनरत नगरबासीले बिहीबार घरपसलमा कालो झण्डा झुन्ड्याएर विरोध प्रकट गरेका छन् । राजविराज नगरबासीका तर्फबाट गठित संघर्ष समितिद्वारा पूर्व घोषित कार्यक्रमअनुसार कालो झण्डा झुण्ड्याएर नगरबासीले विरोध प्रकट गरेका हुन् ।

संघर्ष समितिका संयोजक इर्साद अन्सारी, नागरिक अगुवा अर्जुन प्रसाद साह, संघर्ष समितिका प्रवक्ता अनिल देवलगायतको अगुवाइमा बिहानैदेखि नगरका सार्वजनिक स्थलमा समेत कालो झण्डा झुन्ड्याइएको छ । २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेन रोड तथा भित्री सडकको दायाबायाका ५ हजार २ सय परिवार वर्षौंदेखि लालपुर्जा नपाएको र नगरपालिकाबाट नक्सापास तथा मालपोत कार्यालयबाट विगत ८ वर्षदेखि रोक्का प्रक्रिया बन्द गरिएपछि मर्कामा परेका छन् । जग्गाबापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोबास तथा विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखित जग्गा बैँक तथा वित्तीय संस्थामा धितो राखेर ऋण कर्जा लिने गरेका उनीहरु अहिले यो सुविधाबाट वञ्चित छन् ।

संघर्ष समितिले बिटौरी र ब्लक जग्गाको लालपुर्जाका साथै राजविराज बसपार्क अविलम्ब सञ्चालन, राजविराज हटियामा निर्माणाधीन व्यवसाय कम्प्लेक्सको निर्माण कार्य अविलम्ब सम्पन्न गरी व्यवसायीलाई हस्तानान्तरण, सप्तरीको सीमानाका क्षेत्रमा वर्षौंदेखि बन्द रहेको छोटी भन्सार कार्यालय पुनसञ्चालनलगायतका ८ बुँदे माग अघि सार्दै दोश्रो चरणको



आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

बिहीबार नगरभर कालो झण्डा झुन्ड्याउने कार्यक्रम गरिएको छ भने वैशाख १९ गते शुक्रबार स्थानीय गजेन्द्र चोकमा ८ बुँदे मागका पक्षमा हस्ताक्षर संकलन अभियान, वैशाख २१ गते आइतबार नापी कार्यालयमा धर्ना र वैशाख २२ गते सोमबार राजविराज नगरपालिकामा धर्ना दिई कामकाज ठप्प पार्ने घोषणा गरेको छ । यस्तै, वैशाख २४ गते बुधबार संघर्ष समितिको बैठक बसी आन्दोलनको समीक्षा तथा तेश्रो चरणको आन्दोलनको घोषणा गर्ने संघर्ष समितिले जनाएको छ । प्रथम चरणमा २०८१ फागुन १७ गते राजविराज बन्द कार्यक्रम गरिएपछि तातेको स्थानीय प्रशासनको आश्वासनपश्चात केही दिनका लागि आन्दोलन स्थगित गरेको संघर्ष समितिले माग पूरा गर्न सरोकारवाला निकाय उदाशीन बनेको भन्दै पुनः आन्दोलन शुरु गरेको हो ।

# प्रदेश सरकारद्वारा २७ शिक्षक माग

**मधेशदृष्टि**
**धनुषा ।**
मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय, जनकपुरधामले प्रदेशभरका विद्यालयमा करार सेवामा शिक्षक नियुक्तिका लागि २७ जना शिक्षक पदमा दरखास्त आह्वान गरेको छ ।

यो माग प्रदेश सरकारको वार्षिक स्वास्थ्य स्वीकृत विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत प्राथमिक विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन सहयोगका लागि गरिएको हो ।

# मनाइयो मजदुर दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**
१३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा नेपाल ट्रेड युनियन कांग्रेस पर्सा र बारा जिल्ला कार्य समितिको संयुक्त आयोजनामा वीरगंजमा बृहत् ¥याली तथा सभा भएको छ । घण्टाघर चोकबाट शुरु भएको ¥याली माईस्थान, आदर्शनगरलगायतका मुख्य शहर क्षेत्र परिक्रमा गरी पुनः घण्टाघरमै आएर सभामा परिणत भएको थियो ।

कार्यक्रममा सैयौँको संख्यामा श्रमिकको उत्साहजनक उपस्थिति थियो । ¥यालीमा सहभागी श्रमिकले ‘श्रमिक एकता जिन्दावाद’, ‘श्रम शक्ति नै राष्ट्र शक्ति हो’, ‘श्रमको सम्मान गरौँ’ जस्ता नारा लेखिएका प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

नेपाल ट्रेड युनियन कांग्रेस मधेश प्रदेशका अध्यक्ष विजय यादवको अध्यक्षतामा विभिन्न श्रमिक नेता, सामाजिक अभियन्ता र राजनीतिक दलका प्रतिनिधिले सम्बोधन गरेका थिए । उनीहरूले श्रमिक अधिकार सुनिश्चितता गर्ने सवालमा सरकार गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे ।

वक्ताहरूले न्यूनतम पारिश्रमिकको प्रभावकारी कार्यान्वयन, सामाजिक सुरक्षा योजनाको पहुँच सबै श्रमिकसम्म पु¥याउनुपर्ने र आन्तरिक रोजगारीका अवसर सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याए । कार्यक्रमम अध्यक्ष यादवले प्रदेशस्तरमा श्रम मन्त्रालयलाई थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिए । उनले आन्तरिक रोजगारीको प्रवद्र्धन, सुरक्षित वैदेशिक रोजगारीको व्यवस्था र श्रमिकको सम्मानजनक जीवनका लागि ट्रेड युनियनको भूमिका अझ मजबुत बनाउनुपर्ने बताए ।

# ‘प्रधानमन्त्रीको स्टन्टले भारतसँगको सम्बन्ध बिग्रियो’

**मधेशदृष्टि**
**सुनसरी ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको अगुवाइमा मुलुकमा भइराखेको बेथितिको नेपाली कांग्रेस छड्के किनाराको साक्षी बनेको टिप्पणी गरेका छन् ।

१३६औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा इनरुवामा आम ट्रेड युनियन फेडरेसनद्वारा आयोजित दलाल दलतन्त्रविरुद्ध खबरदारी सभामा उनले यस्तो टिप्पणी गरेका हुन् ।

‘मुलुकमा बेथिति, भ्रष्टाचार, अनियमितता बढ्दै गइरहेको छ । प्रधानमन्त्रीजी हरेक क्षेत्रमा असफल हुनुभएको छ र छड्के किनाराको साक्षी कांग्रेस हुनु दुःखद छ । आम जनताले परिवर्तन र निकास खोजेका छन्,’ साहले भने, ‘एउटा गभर्नर नियुक्त गर्न नसक्ने सरकारले देश कसरी चलाउछ ? सरकारले मुलुकलाई अन्योल बनाएको छ । यसरी मुलुक अगाडि बढन सक्दैन ।’

यस्तै, उनले प्रधानमन्त्री ओलीको स्टन्टले वैदेशिक सम्बन्ध बिग्रँदै गएको बताए । ‘मुलुकलाई अगाडि बढाउन असफल भएको वर्तमान सरकारको स्टन्टले वैदेशिक सम्बन्ध बिग्रँदै गएको छ । हाम्रा दुई छिमेकी भारत र चीनसँग सम्बन्ध राम्रो छैन । प्रधानमन्त्रीको स्टन्टले भारतसहितका देशसँग सम्बन्ध बिग्रेको छ,’ उनले भने ।

श्रमजीवी, मजदुरसहित आम जनताको पक्षमा काम नगरी वर्तमान सरकार बिचौलिया र भगौडा वर्गको सेवामा लागेको उनले बताए । बिचौलिया र भगौडा बर्गको सेवा गरिरहेको सरकारले बिचौलियाकै सेटिङमा लागेकाले गभर्नर नियुक्तिमा ढिलाइ गरेको उनले बताए । नेपालसहित विदेशमा श्रमजीवी मजदुर विभिन्न समस्याका कारण तड्पिरहेको भए पनि सरकार मौन बसेको उनले बताए । विदेशमा काम गरिरहेका नेपाली मजदुरले ट्रेड युनियनको हकअधिकार पाउनुपर्ने साहले बताए ।

‘अहिलेको २१औँ शताब्दीमा दास्ताको नारकीय जीवनमा धकेल्न पाइन्छ ? स्थायी जागिरेले आफ्नो अधिकारका लागि संगठन निर्माण गर्न पाउने, ग्रुप बार्गेनिङ गर्न पाउने तर पराई देशमा गएका युवा मजदुरले बोल्न पनि नपाउने यो कहाँको न्याय हो ?,’ साहले सरकारसँग प्रश्न गरे ।

साहले नेपालको उद्योगमा नेपालीले रोजगारी नपाउने र विदेशीलाई रोजगारी दिने काम आफूलाई अस्वीकार्य भएको बताए । पहिलो प्राथमिकता नेपाली मजदुरलाई नै दिनुपर्ने उनले बताए ।

ट्रेड युनियनको हकलाई स्वीकार नगर्ने देशमा नेपाली मजदुर पठाउन नहुने उनले बताए । ट्रेड युनियनको मान्यता नदिने देशमा नेपालीलाई किन पठाएको भन्दै उनले सरकारसँग प्रश्नसमेत गरे । यस्तै, नेपालमा घरेलु कामदारको हकअधिकार सुनिश्चित नभएको बताए । नेपालमा काम गरिरहेका घरेलु कामदारको हितमा हुने गरी कानून निर्माणमा सरकारले ढिलाई गर्न नहुने उनले बताए । यथाशिघ्र घरेलु कामदारको हितमा हुने गरी कानून निर्माण गर्नुपर्ने उनले बताए ।

आम ट्रेड युनियन फेडरेसनका अध्यक्ष शिव थापाको अध्यक्षतामा भएको कार्यक्रममा आजपा सहअध्यक्ष तिलक थापा, बिल्टू यादव, विजय यादव निर्विज, जुरीलाल मोचीलगायतका नेताको सहभागिता थियो ।

यसैगरी, आम ट्रेड युनियन फेडरेसन केन्द्रीय समितिको आयोजनामा काठमाडौँमा विभिन्न कार्यक्रम सहित १३६औं अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइएको छ । ‘श्रमिकको सम्मान, सुरक्षा र स्वदेशमै रोजगारीका लागि दबाब बढाऔँ’ भन्ने नारासहित आजपानिकट आम निर्माण मजदुर संघका केन्द्रीय अध्यक्ष बिनोद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा आजपा नेताहरु धनकुमारी मगर, रञ्जु साह, तेजनाराण चौधरी, देवकुमारी साह, प्रमोदराज घिमिरे, अनिता थापालगायतकाले सम्बोधन गरेका थिए ।

यसैगरी, आजपानिकट आम ट्रेड युनियन फेडरेसन गण्डकी प्रदेशको आयोजनामा पोखरामा समेत मजदुर दिवस मनाइएको छ । फेडरेसनका गण्डकी प्रदेश अध्यक्ष सूर्यबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा आजपा गण्डकी प्रदेशका अध्यक्ष भोजराज त्रिपाठी, नेताहरु सन्तोष साह, हरि थापा, सीता सुवेदी, लक्ष्मी तामाङलगायतकाले सम्बोधन गरेका थिए ।

# जानकी महोत्सवका कार्यक्रम जारी

**मधेशदृष्टि**
**धनुषा ।**
धनुषाको जनकपुरधाममा रहेको जानकी मन्दिरमा जन्मोत्सवका औपचारिक कार्यक्रम शुरू भएका छन् । मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासका अनुसार जानकी मन्दिरद्वारा आयोजित कार्यक्रममा आजदेखि हरेक दिन दिउँसो ४ बजे श्रीरामकथा वाचन र बेलुका ७ बजे गर्भगृहमा जानकी जन्म बधाई मङ्गलगान तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछन् । साथै अखण्ड रामायण पाठ पनि नियमितरूपमा जारी रहनेछ ।



जन्मोत्सवको मुख्य दिन वैशाख २३ गते मङ्गलबार बिहान ५ बजे जानकी मन्दिरबाट दूधमती नदीसम्म जानकीको शाही स्नान गरिनेछ ।

त्यसपछि दिउँसो १२ बजे जन्म आरती तथा बधाई मङ्गलगान, दिउँसो ४ बजे डोला शोभा यात्रा र बेलुका ७ बजे विशेष आरतीसहित दीपोत्सव आयोजना गरिनेछ ।

जानकी जन्मदेखि छठिहारसम्म हरेक दिन बेलुका ७ बजे मन्दिरको गर्भगृहमा जन्म बधाई गान गाइनेछ । मन्दिर व्यवस्थापन समितिका अनुसार वैशाख २४ गते उपासनाका लागि मटकोर कार्यक्रम आयोजना हुनेछ भने वैशाख २५ गते धार्मिक तथा सांस्कृतिक गीतसहित सीताराम विवाह महोत्सव भव्य रूपमा मनाइनेछ ।

# पहलगाम आतंकवादी आक्रमणको विरोधमा प्रदर्शन



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको जम्मू–कश्मीरको पहलगाममा भएको बर्बर आतंकवादी हमलाको विरोधमा राष्ट्रिय एकता अभियानले बाराको सिमरादेखि पर्साको वीरगंजसम्म विरोध ¥याली गरेको छ । आक्रमणमा ९ भारतीय सुरक्षाकर्मी, ७ निहत्था नागरिक र १ नेपालीको ज्यान गएको थियो। पाकिस्तान समर्थित आतंकवादी समूहले गराएको घटनाको घोर भर्त्सना गर्दै नेपालमा पनि यस प्रकारको आतंकवादविरुद्ध आवाज उठाउन अभियान सडकमा उत्रिएको हो।

सिमराबाट शुरु भएको ¥यालीलाई सुरक्षाकर्मीले जीतपुर नजिकै रोक्ने प्रयास गरे । प्रहरीले केही प्रदर्शनकारीलाई नियन्त्रणमा लिए पनि सहभागीले वैकल्पिक बाटो प्रयोग गरी वीरगंजको ऐतिहासिक घण्टाघरसम्म पुगेर विरोध प्रदर्शन गरेका थिए । प्रदर्शनमा सहभागीले ‘पाकिस्तान आतंकवादको जन्मस्थल’, ‘इस्लामी आतंकवाद मूर्दावाद’, ‘पहलगामका शहीदहरू अमर रहुन्’, ‘निर्दोष नागरिकको हत्या बन्द गर’ जस्ता नारा लगाएका थिए । विरोध कार्यक्रममा राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले पहलगाम आक्रमणको योजना पाकिस्तानले बनाएको आरोप लगाए । यादवले भने, ‘नेपालले पनि आतंकवादको स्पष्ट रूपमा विरोध गर्नुपर्छ।’ घण्टाघरमा भएको विरोध सभामा सहभागीले पहलगाममा मारिएका सुरक्षाकर्मी, नागरिक र नेपाली विद्यार्थी सुदीप न्यौपानेप्रति श्रद्धाञ्जली अर्पण गरेका थिए। उनीहरूको सम्झनामा एक मिनेट मौनधारण पनि गरिएको थियो ।

# छोरी करणी गरेर भिडियो बनाउने बाबु पुर्पक्षमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला अदालतले छोरीलाई बलात्कार गरेर भिडियो बनाउने बुबालाई पुर्पक्षका लागि थुनामा पठाएको छ । पर्सा जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलको इजलासले बुधबार ती बुवालाई हाडनाता, जबरजस्ती करणी र विद्युतीय कारोबार ऐन कसुरमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो । पर्सा प्रहरी र साइबर ब्यूरो भोटाहिटी काठमाडौँको संयुक्त टोलीले चार साताअघि छोरीलाई बलात्कार गरेको आरोपमा पर्साका ३४ वर्षीय बुबालाई पक्राउ गरेको थियो ।

उनले इन्टरनेट प्रयोग गरी ‘गुगल ड्राइभ’मा ‘चाइल्ड सेक्सयुअल एबुज मेटेरिएल्स’ राखेको जानकारी साइबर ब्यूरो काठमाडौँ भोटाहिटीले प्राप्त गरेपछि शंकास्पद कागजातका आधारमा बुबालाई चैत २२ गते वीरगंजबाट पक्राउ गरेको थियो ।

# प्रदेश सांसद साह भारतमा सम्मानित

**मधेशदृष्टि**
**राजविराज ।**
प्रदेश सांसद किरण कुमारी साह भारतमा सम्मानित भएकी छिन् ।

भारतको मध्यप्रदेशस्थित सियरमउमा बिहीबार साहु समाज समितिद्वारा आयोजना गरिएको ३८औँ साहु समाज निःशुल्क सामुहिक आदर्श विवाह सम्मेलनमा उनलाई ‘समाज सेवा सम्मान २०२५‘ बाट सम्मानित गरिएको हो ।

दाइजोबिनाको आदर्श विवाह गर्न प्रोत्साहन, महिला सशक्तिकरण, समाज रुपान्तरण तथा सामुहिक आदर्श विवाह सम्मेलनलाई सफल बनाउन गरेको योगदानको उच्च कदर गर्दै सांसद साहलाई सम्मान गरिएको आयोजक मध्य प्रदेश तैलीक साहु महासभाका राष्ट्र्य अध्यक्ष श्रीमती आभा साहुले जानकारी दिइन् ।

कार्यक्रमका मुख्य अतिथि समेत बनाइएकी मधेश प्रदेशका सांसद साहलाई मध्यप्रदेशका राज्यमन्त्री नरेन्द्र शिवाजी पटेल, पूर्व मन्त्री रामपाल सिंह मध्यप्रदेशका विद्यायक रामनिवासजी, देवेन्द्र पटेल, साहु समाजका प्रदेश अध्यक्ष ताराचन्द्र साहु लगायतले मुकुट दोसल्ला तथा समाज सेवा सम्मान २०२५ बाट सम्मानित गरेका छन् ।

प्रदेश सांसद साहले आर्थिक अभावकै कारण कतिपय व्यक्ति विवाहबाट वञ्चित हुने गरेको तथा दाइजो प्रथालाई निरुत्साहित गर्ने उद्देश्यले साहु समाज समितिले थालेको सामुहिक आदर्श विवाह सम्मेलन प्रशंसनीय र उदाहरणीय भएको बताउँदै यस्ता कार्यमा समाजका सबै सचेत नागरिकले सहयोग गर्नुपर्नेमा जोड दिइन् । साहु समाजका १२ हजार भन्दा बढी अगुवाको उपस्थितिमा भएको सामुहिक आदर्श विवाह सम्मेलनमा आर्थिक अभावका कारण विवाहमा समस्या भएका ३५ जोडीको सामुहिक रुपमै आदर्श विवाह गराइएको छ ।

सामुहिक विवाहमा सहभागि भएका जोडीलाई आयोजक संस्थाकै खर्चमा बाजागाजासहित परिक्रमापश्चात कार्यक्रमस्थलमा सामुहिक विवाह गराइएको छ ।

सम्मेलनमा नवविवाहिता जोडीका अभिभावक र आफन्तलाई समेत निःशुल्क भोजन व्यवस्था गरिएको थियो । सम्मेलनमा समाजका प्रदेश अध्यक्ष ताराचन्द्र साहु, वरिष्ठ उपाध्यक्ष सिवदयाल सिमैरयालगायतले पनि शुभकामना दिँदै यस्ता विवाहले समाजमा व्याप्त दाइजो प्रथा अन्त्यका लागि मदत पुर्याउने विश्वास व्यक्त गरे ।

संस्थाले विगत ३८ वर्षदेखि लगातार सम्मेलन गरी आर्थिक रुपमा पछाडि परेका तथा उमेर पुगेका युवा युवतीलाई भेला गराई सामुहिक रुपमा आदर्श विवाह गराउँदै आएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन